# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti





छैठौं संघनायक दिवंगत भिक्षु अश्वघोष महास्थविर तथा
ध.वि.का सह-संस्थापिका दिवंगत दो गुणवती गुरुमां (वर्मी) द्वयको पुण्यस्मृतिमा समर्पित

वर्षः ४१, अङ्कः १२
बु.सं. २५६७, फागु पुन्हि

# धम्मवती गुरुमांको जीवनी पुस्तक विमोचन कार्यक्रमको तस्विरहरू



आशीर्वचन दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां




कार्यक्रम उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि उप-मेयरज्यू सुनिता डंगोल



मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय थाई भन्ते



कार्यक्रममा सहभागी अतिथि वर्ग



मन्तव्य व्यक्त गर्ने क्रममा प्रमुख अतिथि उप-मेयरज्यू सुनिता डंगोल



धन्यवाद ज्ञापन गर्नुहुँदै मदनरत्न मानन्धर



स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै प्रफुल्ल कमल ताम्राकार

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७
नेपाल सम्बत् ११४४
इस्वी सम्बत् २०२४
बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**25th MARCH 2024**

| वर्ष- ४१ | अङ्क- १२ | फागु पुन्हि | चैत्र २०८० |
|---|---|---|---|





**न वाक्करणमत्तेन - वण्णपोक्खरताय वा**
**साधुरूपो नरो होति - इस्सुकी मच्छरी सठो**

**ईर्ष्यालुम्ह, कपटीम्ह, छलिम्ह व्यक्ति वक्ता ज्वीवं अथवा रूप सम्पन्नम्ह ज्वीसं वयात बाँला:म्ह धाई मखु ।**

**ईर्ष्यालु, मात्सर्ययुक्त शठ पुरुष वक्ता बन्दैमा अथवा रूपवान् हुँदैमा त्यसलाई असल व्यक्ति भनिंदैन ।**

**Neither eloquence nor a beautiful appearance graces a man who is jeolous, selfish and deceitful.**

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | **बुद्ध वचन** | – | १ |
| २) | **धम्मवती गुरुमांको जीवनी पुस्तक विमोचित** | – | २ |
| ३) | **सम्पादकीय– गुणानुस्मरण गर्दछौं** | – | ३ |
| ४) | **स्नेही छोरी "माघसितको रात"** | – **बर्मी भिक्षु र वे थ्वं महास्थविर** | ४ |
| ५) | **मलाई प्रबल गरौं** | – **विद्याकुमारी बज्राचार्य** | ८ |
| ६) | **भिंगु जीवन छ्यलेगु याय्** | – **नातीकाजी महर्जन** | ९ |
| ७) | **प्रिय वर्ग** | – **सत्यमोहन जोशी** | १० |
| ८) | **धर्म शब्दको अर्थ: एक अध्ययन** | – **सुसलत्राणी गुरुमां** | ११ |
| ९) | **पाकिस्तानया बौद्ध सम्पदा** | – **सुरेश किरण** | १२ |
| १०) | **सतिपट्ठान शिविर एक स्मृतिमा** | – **शिशिल चित्रकार** | १५ |
| ११) | **धर्मकीर्ति समाचार** | – | १७ |


# धम्मवती गुरुमांको जीवनी पुस्तक विमोचित

*२०८० फागुण २० गते आइतबार, अष्टमी ।*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन धर्मकीर्ति विहार धम्महलमा श्रद्धेय धम्मवती गुरुमांको जीवनी (थाई भाषमा रुपान्तरित) पुस्तक सामुहिक रुपमा विमोचन गरियो । धर्मकीर्ति विहार संरक्षण कोषको आयोजनामा का.म.न.पा. का उपमेयर सुनिता डंगोलको प्रमुख अतिथित्वमा र श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा संचालित उक्त कार्यक्रममा ध.की.वि.सं. कोषका सचिव प्रफुल्ल कमल ताम्राकाले स्वागत मन्तव्य व्यक्त गर्नुभएका थिए । कोषका सहकोषाध्यक्ष अरुण शिद्धि तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रमको शुरुवातमा प्रमुख अतिथी ज्यूले दीप प्रज्वलन गरी कार्यक्रम उद्घाटन गर्नुभएको थियो । सो पश्चात् कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले उपस्थित अतिथि महानुभावहरूलाई खादा ओढाई स्वागत गर्नुभएपछि पुस्तक रुपान्तरण गर्नुहुने थाई भन्ते Venerable Phramaha Phocana Suvaco बाट पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

स्मरणीय छ, धम्मवती गुरुमांको जीवनी सर्वप्रथम म्यानमारका श्रद्धेय भिक्षु "**र वे थ्व**" बाट "**तमी छेत्**" नाम दिई वर्मी भाषाबाट लेखिएको थियो । "**तमी छेत्**" को अर्थ नै "**स्नेही छोरी**" थियो यसरी सर्वप्रथम तमी छेत्को रुपमा वर्मी भाषामा पुस्तक प्रकाशन भएको थियो ।

सोही पुस्तकलाई श्रद्धेय भिक्षु ज्ञानपूर्णिकबाट नेपालभाषामा रुपान्तरण गराई "**योम्ह म्ह्याय्**" नामले पुस्तक प्रकाशन गरियो । पुनः उक्त "**योम्ह म्ह्याय्**" नेपालभाषाको पुस्तकलाई उपासक मोतिकाजी




*विमोचित पुस्तक*

शाक्य (श्रद्धेय धम्मवती गुरुमांको कान्छो भाई) ले "**स्नेही छोरी**" नाम दिई नेपाली भाषामा रुपान्तरण गरी पुस्तक प्रकाशन गरियो । यसरी नै उक्त "**स्नेही छोरी**" पुस्तकलाई उपासिका गीता मान्धरले **"Beloved Daughter"** नाम

*( क्रमशः पेज ९ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# गुणानुस्मरण गर्दछौँ

यस संसारमा गुण गर्ने व्यक्ति भन्दा गरिएको गुणलाई सम्झने व्यक्ति दुर्लभ भनिन्छ। त्यसैले होला भगवान् बुद्धले पनि "कतञ्ञुता च एतं मंगलमुत्तमं" भन्नु भएको छ। मंगल सूत्रमा उल्लेख गरिएको यस बुद्ध वचनले कृतज्ञ गुण सम्झी उक्त गुणको बदलामा आफूले पनि सक्दो सेवा गर्नु भाग्य बन्ने मंगल कार्य हो भन्ने अर्थ जनाइरहेको छ। यस अर्थले बताइरहेको छ, आफूलाई गरिएको गुणलाई बिर्सी बैगुणी बन्नु दुर्भाग्यपूर्ण अमंगल कार्य हो। त्यसैले भगवान् बुद्धले बताउनु भएको यस प्रकृतीको नियमलाई हामीले कदापि बिर्सन हुँदैन। यही कर्त्तव्यलाई सम्झी हाम्रा अविस्मरणिय गुरुवरहरू श्रद्धेय भिक्षु आश्वघोष महास्थविर र श्रद्धेय गुरुवर दो गुणवती गुरुमांबाट बुद्ध शासनमा पुऱ्याउनुभएको योगदान र उहाँहरूको आदर्शलाई स्मरण गर्दछौँ।

७४ वर्ष सम्म आफ्नो जीवन बुद्ध शासनमा समर्पण गर्नुभएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविर बि.सं. २०२९ सालदेखि २०७५ साल सम्म धर्मकीर्ति मासिक पत्रिकाका सम्पादक एवं प्रधान सम्पादकको रूपमा रहनुभई धर्मप्रचार कार्यमा संलग्न रहनुभएको थियो। बि.सं. २०२८ सालमा स्थापित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको धर्मानुशासकको रुपमा रहनुभई कतिपय युवा वर्गलाई बुद्ध शिक्षा पठनपाठन गराउने कार्यमा जुट्नुभयो। उहाँले धर्मकीर्ति विहार संरक्षण कोषको धर्मानुशासकको रूपमा रहनुभई धर्मप्रचार कार्यमा अभिभावकको भूमिका निभाउनु भएको छ। धर्मकीर्ति विहार बाहेक अन्य क्षेत्रहरूको लागि पनि धर्मप्रचार क्षत्रमा जुटी जतिपनि उहाँले योगदान पुऱ्याउनु भएको छ, ती कार्यको लागि सम्मानार्थ उहाँलाई म्यानमार सरकारले सन् २००० मार्च १९ मा "अग्ग महा सद्धम्म जोतिक धज" उपाधीले विभूषित गरियो। यसरी नै २०६८ आश्विन १४ गते अखिल नेपाल भिक्षु महासंघको सदस्यहरूले संघ सम्मति सहित एक धार्मिक विधि "संघनायको पतिपट्ठान" विधिपूर्वक उहाँलाई नेपालको छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरियो।

मिति २०७५ चैत्र २२ गते शुक्रबार ९३ वर्षको उमेरमा उहाँ आफ्नो नश्वरदेह त्यागगरी दिवंगत हुनुभयो। धर्म प्रचार कार्यमा उहाँको अमूल्य योगदानलाई कदर गर्दै २०७५ साल चैत्र २४ गते आइतबार उहाँको पार्थिव शरीरलाई कर्णदीप चिहानमा नेपाल सरकारले राजकिय सम्मानका साथ नेपालीसेनाको टुकडीले सलामी अर्पण गरी अन्त्येष्ठी गरियो।

यसरी नै हाम्रा गुरुवर श्रद्धेय दो गुणवती गुरुमां श्रद्धेय धम्मवती गुरुमांलाई नेपालमा बुद्ध शिक्षा प्रचार कार्यमा सहयोग पुऱ्याउने हेतुले बि.सं. २०२० सालमा नेपाल आउनुभयो। श्रद्धेय दो गुणवती गुरुमांले वर्मामा "शासन धज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित" उपाधि हासिल गर्न सफल व्यक्तित्त्व हुनुहुन्छ। वर्मी नागरिक भएर पनि उहाँ नेपाल प्रवेश गर्नुभई नेपालका कविकेशरी चित्तधर हृदयबाट नेपालभाषा सिकी बि.सं. २०२५ सालमा नेपाल भाषाबाट "वासेट्ठी थेरी" नामक पुस्तक लेखेर प्रकाशन गर्न सफल हुनुभयो। यसरी उहाँ नेपालभाषाबाट पुस्तक कोर्ने पहिलो विदेशी हुनुभयो। उहाँले बि.सं. २०४४ सालमा फेरि "नेपालय २५ दँ जिगु लुमन्ति" (नेपालमा २५ वर्ष मेरो सम्झना) नामक पुस्तक पनि लेख्नुभयो। यस पुस्तकमा उहाँले धर्मकीर्ति विहारको सहसंस्थापिकाको भूमिका निभाउनु भई स्थापना गर्नुभएको धर्मकीर्ति विहार र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कृयाकलाप एवं गतिविधि विषयमा वृत्तान्त अनुभव समावेश गर्नुभएको छ। शिल्पविद्याकी धनी दो गुणवती गुरुमांले कागजको फूल बनाउने देखि लिएर फलफूलका क्याण्डीहरू बनाउने विभिन्न शिल्पहरू सिकाउनुभई धर्मकीर्ति अध्ययन गोष्ठिका युवा युवतीहरूलाई भगवान् बुद्धले मंगल सूत्रमा बताउनुभएका ३८ वटा मंगल कार्यहरू मध्ये एक "**शिप्पञ्च एतं मंगल मुत्तमं**" अर्थात्- "**शिल्प बिद्या सिक्नु पनि मंगल कार्य हो।**" लाई प्रत्यक्ष प्रस्तुत गर्न सफल हुनुभएको छ। यस विद्यलाई अहिलेसम्म पनि उहाँका शिष्यहरूले विर्सन सकेका छैनन्। दोगुणवती गुरुमां नेपाल प्रवेश गर्नुभएको अवस्था उहाँहरूको लागि एकप्रकारले दयनिय नै देखिन्छ।

*( क्रमश: पेज ८ मा हेर्नुहोला )*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १५. माघसितको रात

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

नागालायण्डको बाटो गरी पैदल बर्मा जाने विचारले आसाममा पुगेका स्थविर धम्मावुध र शीलवती धम्मवती आसामको विहारमा आएर बसेपछि उनीहरूबाट उनीहरू किन पैदल बर्मा जान लागेका भन्ने कुरो थाहा पाएर धम्मवतीको साहस र स्थविर धम्मावुधको त्यागको आसामी भिक्षुले साञ्है नै सराहना गर्नुभयो । सर्वसाधाराण मानिसहरूले आजीविकाको लागि मात्र ज्यानको माया मारेर आवत्-जावत् गर्ने त्यस अनकन्तार बाटोमा बुद्धशासनका लागि स्थविर धम्मावुध र शीलवती धम्मवतीले यात्रा गर्न लागेको देख्दा आसामी भिक्षुलाई पुरानो युगमा बौद्ध-धर्मका अन्वेषक चिनीया भिक्षुहरू फा हि यान र हुआन साङ्गको ऐतिहासिक यात्राको स्मरण भयो । स्थविर धम्मावुध र शीलवती धम्मवतीको यात्रा सकभर सरल पारिदिने विचारले आसामी भिक्षुले त्यस बाटोमा बारम्बार आउने-जाने गरिरहेका मानिसहरूको खोजि गर्नुभयो । यसरी खोजि गर्दा त्यस बाटोबाट बर्माको सिमान्त शहर मिचिनासम्म जाने आठजना मान्छेहरूको एक समूह फेला पऱ्यो । ती मानिसहरू स्यानजातीका माहुतेहरू थिए । उनीहरूको व्यवसाय बर्माको जंगलबाट जंगली हात्ती समातेर ती हात्तीहरूलाई आवश्यक तालिम दिइसकेपछि आसाममा ल्याएर बेच्नु थियो । त्यसैले ती माहुतेहरूलाई आसामबाट बर्मा जाने सबैभन्दा छोटो बाटोमा कसरी सुरक्षासित हिंड्ने भन्ने कुरो राम्ररी थाहा थियो । त्यसको साथै ती माहुतेहरू बौद्ध-मार्गी र असल स्वभावका पनि थिए । तर ती माहुतेहरू त्यस पटक पनि हात्ती बेच्न नै आसाममा आएका हुनाले तिनीहरू हात्ती बेच्ने काम सम्पन्न गरेपछि मात्र मिचिना फर्कने भएका थिए । त्यसरी उनीहरूका लागि केहिदिन पर्खनु परेपनि अरूहरूसित जानुभन्दा उनीहरूसित जानु नै हितकर हुने भएकाले आसामी भिक्षुले स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई आसाममा पर्खाउनुभयो ।

आसामको विहारमा पर्खाइको छैठौं दिन स्थविरहरू बस्ने कोठामा बोलाइएकी धम्मवतीलाई आसामी भिक्षुद्वारा एउटा टेलिग्राम पढ्न दिइयो । त्यो टेलिग्राम कलकत्ताबाट बंगाली भिक्षुले पठाएको थियो । टेलिग्राम पढ्ने बित्तिकै धम्मवतीले हडबडाएर भनी– "भन्ते ! यस टेलिग्राममा लेखिएको कुरा नपत्याउनुहोस् । मेरो दाजु … …"

धम्मवती त्यसरी आत्तिएकी देखेर स्थविर धम्मावुधले तुरन्त कुरो सम्झाउनु भयो– "आत्तिनु पर्दैन । यस टेलिग्रामको भित्री आशय धनकाजी आइपुगेको छ र उसलाई उपायकुशलताको आधारमा मात्र यहाँ आउन नदिइकन कलकत्तामा नै अलमल्याइराखेको छ भन्ने जानकारी दिनु हो । यस तथ्यलाई बुझेर हामीले माहुतेहरूलाई बोलाएर यथासम्भव यहाँबाट हिँडिहाल्नु पर्ने कुरो पनि सम्झाइसकेका छौं । उनीहरूले आज भरे साँझसम्ममा यहाँ सम्पन्न गर्नुपर्ने सम्पूर्ण काम भ्याएर भोलि बिहान सबेरै यहाँबाट रवाना हुने योजना बनाएका छन् । हामीहरू यहाँबाट हिंडीसकेपछि उहाँ भन्तेले हामीहरू यहाँबाट बर्मातिर रवाना भैसकेको व्यहोरा लेखी कलकत्तामा टेलिग्राम पठाउनु हुनेछ । तिमीलाई यही कुरो थाहा दिन यहाँ बोलाएका हौं । हिंड्नलाई आवश्यक तयारी गर्नु ।"

स्थविरको कुरा सुनेर धम्मवतीको मुटुको ढुकढुकी कम भयो । त्यसरी भोलिपल्ट बिहान सबेरै यात्रारम्भ गर्ने तयार भइराख्नु पर्ने कुरो थाहा पाएर ऊ त्यहाँबाट उठेर आफ्नो कोठातिर फर्की ।

धम्मवतीको मनोकामना पुरा गर्ने यात्राको पहिलो चरण बसबाट सुरुभयो । बसबाट ओर्लेर चेकपोष्टतिर गइरहेकी धम्मवतीको मुटु त्यस चेकपोष्टबाट उम्कन

पाउने हो कि होइन भन्ने डरले काँप्न थाल्यो । नेपालमा भिमफेदी गढीको चेकपोष्टबाट संजोगले मात्र उम्कन पाएकी धम्मवती अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सिन्छ भने झैं आसामको सिमानाको त्यस चेकपोष्ट देखि साऱ्है नै तर्सिएकी भएपनि पथ प्रदर्शकको रूपमा अघि बढिरहेका माहुतेहरूका लागि भने त्यो चेकपोष्ट केही पनि थिएन । उनीहरू निर्धक्कसित चेकपोष्ट भित्र पसे ।

माहुतेको नाइकेले चेकपोष्टको हाकिमसित धम्मवतीले नबुझ्ने भाषामा कुरा गर्न थाल्यो । यसरी हाकिमसित कुरागरिरहेको नाइके माहुतेले स्थविर र धम्मवतीलाई औंल्याएर देखाउँदा धम्मवतीको हंसनै उड्ला जस्तो भयो । केहीबेर कुरा गरेपछि उनीहरू सबैको सामान जाँच्ने काम भयो । तर त्यस जाँचको प्रक्रिया सारै सरल देखियो । नाम मात्रको जाँच सकिएपछि माहुतेको नाइके र अरू एक-दुई जना माहुतेहरू हाकिमको पछि पछि लागेर भित्री कोठामा गए । करिब दश मिनेट पछि उनीहरू फेरि बाहिर निस्के । त्यसरी बाहिर निस्केको नाइके माहुतेले स्थविर धम्मावुधलाई अब गए हुन्छ भनेर सुनायो । सबैजना आ-आफ्नो सामान बोकेर चेकपोष्टबाट बाहिर निस्केर अघि बढ्न थाले । यसरी चेकपोष्टबाट निस्कन पाएपछि मात्र धम्मवतीको ज्यानमा ज्यान आयो ।

बर्माबाट हिन्दुस्थानमा हात्ती ल्याएर बेच्ने व्यवसायमा लागेका ती माहुतेहरूले चेकपोष्टका कर्मचारीहरूलाई अनेक भेटी दिएर खुसी पारिराखेका थिए । त्यसैले त्यस चेकपोष्टको द्वार उनीहरूका लागि आफ्नै घर-दहिलो जस्तो थियो । माहुतेको नाइकेको सिफारिसमा स्थविर र धम्मवतीलाई पनि त्यही सुविधा प्रदान गरिएको थियो ।

चेकपोष्टबाट बाहिर निस्कँदा बिहान ढलेर दिन छिपिसकेको भएतापनि त्यो ठाउँ पहाडी इलाका भएकाले त्यहाँ अझै तम्म कुहिरो थियो । अघि बढ्दै जाँदा जङ्गल पनि झन झन बाक्लो हुँदै आएकाले केही हात परको दृष्य पनि नदेखिने भयो । तर माहुतेको नाइके आफ्नो बाटो पहिल्याउन कति पनि अलमलिएको थिएन । त्यस जंगलको अप्रचलित बाटोमा ऊ निरन्तर अघि बढ्दै गयो । सबै भन्दा अगाडि माहुतेको नाइके, त्यसपछि एउटा अर्को माहुते, त्यसको पछाडि स्थविर, स्थविरको पछाडि धम्मवती र त्यस पछि अरू छ जना माहुतेहरू, यसरी जम्मा दश जना यात्रुहरूको त्यो ताँती जंगल भित्र, झन भित्र घुस्दै गयो । तर आफू कुन दिशामा, कस्तो ईलाकाबाट गुज्रिरहेको छ भन्ने कुरो धम्मवतीलाई केहि अन्दाज थिएन । ऊ यन्त्रवत रूपमा माहुतेको नाइकेद्वारा निर्देशित दिशामा लगातार बढ्दै गइरहेकी थिई ।

शीतले चिसिएको जमीन सूर्यको न्यानो किरणद्वारा सुक्दै गएपछि कुहिरो फाट्दै गएर अन्तमा चारैतिर चकमन्न भयो । कुहिरो राम्ररी फाटेपछि धम्मवतीले थाहा पाई, उनीहरू दुईओटा पहाडको खोंचमा रहेको बाटो गरी अघि बढिरहेका थिए । दुबैतिर बिस्तारै अग्लिंदै गएका पहाडहरू घना रूपमा रूख र बुट्यानहरूद्वारा तन्न भरिएका थिए । कुहिरो फाटेर चकमन्न भएको खुसीमा अनेक थरिका चरा-चुरुङ्गीहरू पनि आ-आफ्नो ढंगले गाएर ल्याउन थाले । तर त्यसरी मोहक रूपमा गाइरहेका चराहरू कस्ता थिए, कहाँ बसेर गाइरहेका थिए त्यो हेरिरहने फुर्सत धम्मवतीलाई थिएन । जंगलको बाटोमा हिंड्नमा अभ्यस्त भएका माहुतेहरूको पाइलोमा पाइलो मिलाएर अघि बढ्नु थियो उसले ।

केही घण्टा त्यसरी हिंडिसकेपछि नाइके स्यानले पहिलो पल्ट मौनता टोड्यो । – "मध्यान्ह भन्दा पहिले खाना पकाएर खाने ठाउँमा नपुगिएला र स्थविरले भोकै बस्नुपर्ला भन्ने ठूलो डर थियो । अहिले हामी ठीक समयमा नै सही ठाउँमा पुगेका छौं । अब हामी यस ठाउँमा आराम गरेर खानपिन गर्न सक्छौं ।

स्यान नाइकेले औंल्याएको स्थान साँच्चि नै खानपिन गर्न उपयुक्त ठाउँ थियो । एक छेउमा एउटा ठूलो रूख भएको त्यो स्थान एउटा प्राकृतिक चौतारो थियो । त्यहाँ नजिकै एउटा सानो खोल्सो पनि कलकल बगिरहेको थियो । त्यहाँ पुग्ने बित्तिकै प्रत्येकले आ-आफूले बोकेको पोको-पन्तरो बिसायो । स्यान नाईकेले स्थविर र धम्मवतीलाई आराम गर्न अनुरोध गरेर आफ्ना साथीहरूलाई विभिन्न काममा लगायो । कसैले पानी ल्यायो । कसैले सुकेको दाउरा बटुलेर ल्यायो । अनि कसैले ढुङ्गाहरू जोडेर चुलो बनाई खाना पकायो ।

स्यान जातिका माहुतेहरूको पाइलोमा पाइलो मिलाएर छिटो छिटो हिंड्न परेकाले थाकेको थकाइ मिटाउन नपाउँदै खाना तयार भयो । स्थविर र

धम्मवतीलाई खाना पस्केर दिइसकेपछि माहुतेहरू पनि खानमा लागे ।

सबैले खाइवरी आ-आफ्नो सामान मिलाइसकेपछि उनीहरूले तत्कालै फेरि यात्रारम्भ गरे ।

खाना खाएकाले शरीरमा बल निस्कनुकासाथै बिहानको जाडो पनि हटेकाले दिउँसोको यात्रा बढी फूर्तिसित सुरु भयो । बाटोको बनावट र चारैतिरको वातावरणले पनि उत्साह बढाएको थियो । बाटोको दुबैतिर बिस्तारै अग्लिँदै गएका ठूल ठूला पहाडहरू थिए । पहाडका टुप्पाहरू नेपालका पहाडका टुप्पाहरू झैं आकासिएका नभएपनि ती टुप्पाहरूमा स्वच्छ स्वेतरंगका बादलहरू शीरपोस जस्तै छाएका थिए । बादलमा नलुकेका पहाडभरि साना-ठूला थुप्रै रूखहरू तम्म भएकाले सिंगै पहाडले हरियो लुगा लगाएको झैं देखिएको थियो । रूखका हाँगाहरू हावामा झुमिरहेकाले पहाड पनि सजिव झैं देखिरहेको थियो । हावामा झुमिरहेका हाँगाहरूमा बसेका चराहरू आ-आफ्ना भाषामा गाइरहेका थिए । मस्तसँग गाइरहेका ती चराहरूको सुमधुर संगितका साथै मन्द मन्दसित बहिरहेको हावाले उडाएर ल्याएको सुगन्धले धम्मवतीको मनमा अवर्णनीय मानसिक शान्ति भरिरहेको थियो । उसको मनमा भूतकाल प्रतिको पश्चाताप थिएन । भविष्य प्रतिको चिन्ता थिएन । मात्र वर्तमान थियो । मात्र अगाडि, निरन्तर अगाडि बढ्दै जाने मनोभावना थियो । पाइला माथि पाइला सार्दै भावित मनको सुरमा धम्मवतीले आफ्ना खुट्टाहरू अघि सार्दै गई, सार्दै-सार्दै नै गइरही ।

समय बित्दै गएपछि धम्मवतीको मनमा भएको एकाग्रतालाई शारीरिक कष्टले बिस्तार बिस्तार दखल गर्न थाल्यो । उसका खुट्टाहरू गल्दै गए । सम्पूर्ण जिउ दुख्दै आयो । यस्तैमा टाढा क्षितीजमा डुब्न गइरहेको सूर्यले पनि मनमा चिन्ता बढाउन थाल्यो ।

डुब्न लागेको सूर्यले धम्मवतीको मनमा मात्र होइन, माहुतेहरूका मनमा पनि चिन्ता उब्जाएको थियो । माहुतेहरूले चिन्तित स्वरमा आपसमा कुरा गर्न थाले । एकछिन त्यसरी आपसमा कुरा गरिसकेपछि उनीहरू प्रत्येकले आ-आफ्ना पाइलाहरू छिटो, झन छिटो बढाउन थाल्यो । त्यसैले स्थविर र धम्मवतीलाई माहुतेहरूका पाइलोमा पाइलो मिलाएर अघि बढ्न धौ धौ पऱ्यो । उनीहरू केही पाइला हिंडेर केही पाइला दगुरेर माहुतेहरू सँगसँगै अघि बढ्नमा बाध्य भए । त्यसरी अघि बढ्दा बढ्दै सूर्य अस्तायो । चारैतिरबाट अन्धकारले घेर्दै ल्यायो । जति जति अन्धकार बढ्दै आयो माहुतेहरू त्यति नै छिटो, झन छिटो गतिमा अगाडि बढ्न थाले । हतारिँदै अघि बढिरहेको नाइके माहुतेले धम्मवतीलाई यसरी भनेर ल्याएको सुनियो– "फ्वाती ! (सानी उमेरकी शीलवती !) हामी बास बस्ने ठाउँबाट धेरै टाढा छैनौं । केहीबेरमै हामी त्यहाँ पुग्ने छौं । हरेस नखाइकन अघि बढदै जानमा बल गर ।" – तर माहुतेको नाइकेले त्यसरी भनेको धेरैबेर बित्दा पनि बास बस्ने स्थान आइपुगेन । बासस्थान आइनपुग्दैमा झमक्क साँझ पऱ्यो । बिहान हुस्सुले टाढा टाढाका दृश्यहरू लुकाए झैं अहिले अन्धकारले टाढा टाढाका दृश्यहरू लुकायो । चारैतिरको माहौल परिवर्तन गरिदियो । पंक्षीहरूको स्वरमा भएको आनन्दको भाव सन्त्रासमा परिवर्तन भयो । पंक्षीहरूका त्रसित स्वरको बीच बीचमा यदाकदा हिंस्रक जनावरहरूका भयंकर स्वर पनि थपिन थाल्यो । दिनभरको हिंडाइले सम्पूर्ण शरीर थाकेको त थियो नै त्यसमाथि चारैतिरको भयावह वातावरणले मनलाई पनि थकाउन लाग्यो ।

धम्मवतीको मनमा अनेकप्रकारका आशङ्काहरूको बाढी आउन थाल्यो । उसको अगाडि र पछाडि माहुतेहरू भएकाले त्यतातिरबाट केही भय थिएन । तर दाँया र बाँया कोही पनि थिएन, मात्र घना जंगल थियो । अन्धकारमा लुकिसकेको त्यो जंगलबाट कुनै पनि बेला कोही पनि निस्कन सक्थ्यो । त्यही डरले धम्मवती थर थर काप्न थाली । उसका कञ्चटका रौंहरू ठाड-ठाडा भए । उसको सम्पूर्ण जिउमा चिसो कम्पन दगुर्न थाल्यो । त्यस्तो जाडो साँझमा पनि ऊ पसिना पसिना भई । बनको बाघ अझै कतै नदेखिएको भएतापनि मनको बाघले उसलाई खान थाल्यो । ऊ झण्डै झण्डै अर्ध अचेतावस्थामा पुगी । यस्तैमा अकस्मात उसले के सम्झी भने डरलाग्दो ठाउँमा कर्मस्थान गर्ने भिक्षुले, देवासुर संग्रामको बेला देउताहरूले इन्द्रको ध्वजा स्मरण गरेर भय हटाए झैं, बुद्धगुण, धर्मगुण संङ्घगुण स्मरण गरेर भय हटाउनुपर्छ भनेर भगवान बुद्धले उपदेश दिएको तथ्य धजग्गसुत्तमा उल्लेख गरिएको छ । तब उसले पनि मनमनै त्रिरत्नगुण स्मरण गर्न थाली । त्यसरी त्रिरत्न स्मरण गर्दा गर्दै उसको जिउमा ज्यान आएको उसले राम्ररी नै अनुभव गरी । तब

उसले क्रमशः आह्वान सुत्त, मेत्त सुत्त, धजग्ग सुत्त, पुब्बन्ह सुत्त आदि विभिन्न सुत्तहरूको पाठ पनि मनमनै गर्दै जान थाली । उसले यसरी मनमनै विभिन्न सूत्रहरूको पाठ गर्दै गइरहेको बेलामा एक्कासी सबै माहुतेहरू एकसाथ ठूलठूला स्वरले कराउन थाले । उनीहरूको त्यस स्वरले झसङ्ग झस्केकी धम्मवतीमा सूत्रका शब्दहरू सम्झने शक्तिहीन भयो । उसको सूत्र पाठ बीचैमा टुट्न गयो । ऊ निम्न शब्दहरू मात्र दोहऱ्याउनमा समर्थ भई– "बुद्ध शरण, बुद्ध शरण, बुद्ध शरण..." यसरी आत्तिएर बुद्धको शरणलिन पुगेकी धम्मवतीले एकछिन पछि मात्र चाल पाई, ती माहुतेहरूको स्वरमा त्रास थिएन उल्लास थियो । माहुतेहरू डरले होइन बासस्थानमा आइपुगेको खुसीले कराएका थिए ।

त्यो बासस्थान एउटा पहाडको फेदमा भएको अलिकति भिरालो तर निकै फराकिलो ठाउँ थियो । त्यहाँ जंगल त्यति घना थिएन । अग्ला अग्ला रूखहरू मात्र थिए । त्यस ठाउँको एउटा कुनामा एउटा ठूलो चट्टानको खोंचमा, एउटा प्राकृतिक ओडार थियो । त्यस ओडारमा रूखका हाँगाहरूद्वारा बनाइएको एउटा सानो झुप्रो थियो । उनीहरू पहिले आसामतिर आउँदा उनीहरूले नै बनाएर छोडेको झुप्रो थियो, त्यो । त्यो झुप्रो देख्ने बित्तिकै सबै माहुतेहरू दगुरेर त्यहाँ पुगे । सबैले आ-आफ्ना पोको-पन्तरो मिल्काएर सन्तोषको एउटा लामो सास फेरे । तर रात परिसकेकोले सुस्ताउनु भन्दा पहिले सुरक्षाको बन्दोबस्त गरिहाल्नु जरूरी थियो । त्यसैले सबै माहुतेहरू हतार हतार नाइकेद्वारा निर्दिष्ट काममा लाग्न थाले । कोही सुकेको दाउरा बटुलेर धुनी जगाउनमा लागे । कोही झुप्रोमा टालटुल गर्नमा लागे । कसैले पानी ल्याएर भात बसाल्न थाले । त्यसरी केहीबेरमै गर्नुपर्ने सबै काम गरियो । झुप्रो सुत्न लायक बनाइयो । झुप्रोको अघिल्तिर धुनी दनदनाइयो । खाना तयार भएपछि मध्यान्हपछि ठोस खाना नखाने शील-पालना गरेका स्थविर र धम्मवतीलाई एक किसिमको विशेष पात राखेर उमालेको तातो पानी पिउन दिएर आफूहरू खाना खानमा लागे ती माहुतेहरू ।

खानपिन सकेपछि स्थविर र धम्मवतीलाई सुरक्षित स्थान दिएर अरूहरूलाई छेउछाउमा सुत्ने ओछ्यान तयार पारियो । अनि रातभर दुई-दुई जना पालै-पालो गरेर पहरा बस्ने व्यवस्था गरी अरूहरू सुत्ने तरखरमा लागे । दिनभरको हिंडाइले थाकेका ती माहुतेहरू केहीबेरमै मस्तसित निदाए । तर बिचरी धम्मवती माहुतेहरू झैं घना जंगलमा घोडा बेचेर सुत्नमा अभ्यस्त थिइन । चिसो हावा र बेला बेलामा सुनिने जंगली जनावरहरूको डरलाग्दो स्वरले उसको निद्रा कोसौं दूर भगाइदिएको थियो । हतपति निदाउन नसकेकी धम्मवती मनमनै त्रिरत्न वन्दना र सूत्रहरूको पाठ गर्नमा लागी ।

मनमनै सूत्रपाठ गर्नमा लागेकी धम्मवती रातको कुन बेला भुसुक्क निदाउन पुगी त्यो उसैलाई थाहा भएन । रातको निशब्दता माहुतेहरूले मच्चाएको हो-हल्लाले टुटेपछि मात्र ऊ झसङ्ग बिउँझी । यसरी बिउँझेको धम्मवती आत्तिएर जुरूक्क उठेर बसी । झुप्रो खाली थियो । सबै माहुतेहरू झुप्रो बाहिर हात हातमा बल्दो अगुल्टो लिएर ठूलठूलो स्वरले चिच्याइरहेका थिए । स्थविर धम्मावुध पनि झुप्रो बाहिर नै जानुभएको थियो । त्यस्तो अनौठो माहौल देखर धम्मवती डरले त्रसित हुनाका साथै के भएको थाहा पाउन उत्सुक भई । ऊ आफू पनि झुप्रो बाहिर आएर गम्भीर मुद्रामा एउटा ढुङ्गामाथि बसिरहनु भएको स्थविरसित प्रश्न गरी "भन्ते ! के भएको हो । किन सबै यसरी कराएका ?"

"त्यो रूख मुनि हेर्नु । त्यहाँ दुई ओटा आँखाहरू टल्किरहेका देख्नेछौ । त्यहाँ एउटा बाघ आएर बसेको छ । त्यसैलाई भगाउन यिनीहरू यसरी कराएका हुन् । यिनीहरूको चिच्याइ र यिनीहरूको हातमा भएको अगुल्टो देखेर त्यो बाघ किंकर्तव्यविमुढ भइरहेको छ । त्यो बाघलाई यसरी तर्साएर भगाउनुपर्छ, नत्र त्यसले यहाँ आक्रमण गर्न सक्छ ।" धम्मवतीले अन्धकारमा टल्किरहेका ती दुईटा आँखाहरूका साथै बाघको अस्पष्ट आकार पनि देखी । एउटा बाघलाई त्यसरी स्वतन्त्र रूपमा जंगलमा घुमिरहेको धम्मवतीले जिन्दगीमा पहिलो पल्ट देखेकी थिई । त्यसैले ऊ डरले काँप्नुका साथै रोमाञ्चित पनि भई ।

त्यो बाघ केहीबेरसम्म त्यहीं रहेर माहुतेहरूको अनौठो प्रकृयाहरू हेरिरहयो । त्यसपछि त्यो बिस्तारै त्यहाँबाट परतिर जान थाल्यो । त्यो बाघ त्यहाँबाट धेरै टाढा गएपछि पालो बस्ने दुई जना माहुतेहरू बाहेक अरू सबै पुनः छाप्रो भित्र आएर आ-आफ्नो ओछ्यानमा लेट्न

आए ।

भोलिपल्ट बिहान धम्मवती निद्राबाट बिउँझदा चकमन्न उज्योलो भइसकेको थियो । बिउँझने बित्तिकै ऊ ओछ्यानबाट उठ्न खोजी । तर पालो बसेका दुई जना माहुतेहरू मध्ये एकले उसलाई अझै लेटिरहने इशारा गऱ्यो । अरूहरू पनि सबै लेटि नै रहेका थिए । त्यसैले निद्रा नलागे पनि ऊ फेरि ओढ्ने ओढेर त्यस जंगलको जाडोबाट आफूलाई बचाउने प्रयत्नमा लागिरही ।

झकमक झुल्केको घामले अलि अलि न्यानोपन दिन थालेपछि मात्र सबै जना उठे । त्यसपछि माहुतेहरू मध्ये दुई जना जलपान पकाउनमा लागे । जलपान गरीवरी एकछिन सुस्ताएपछि मात्र दोश्रो दिनको यात्रा प्रारम्भ भयो । *(क्रमशः अर्को अङ्कमा)*

# मनलाई प्रबल गरौं



✍ **विद्याकुमारी बज्राचार्य**

मन स्वस्थ भए तन स्वस्थ हुन्छ ।
शरीर जीर्ण भए पनि पुण्य र परोपकारी जीर्ण हुँदैन ॥१॥
मन प्रवल भए सम्पूर्ण जीवन प्रबल हुन्छ ।
मन नै महान् भए सम्पूर्ण जीवन सुख हुन्छ ॥२॥
नश्वर देह कुनै बेला नष्ट अवश्य नै हुन्छ ।
कीर्ति र पर कल्याण गरेको सदा स्थायी नै हुन्छ ॥३॥
मानव आयु र कर्म सकिएर देह अन्त्य हुन्छ ।
बत्ती हावाले निभाएको जस्तो देह पनि निधन हुन्छ ॥४॥
देह अनित्य, संस्कार अनित्य, नाता अनित्य हुन्छ ।
एक्लै आए एक्लै जानुछ एक्लै संसारमा रमाउनुपर्छ ॥५॥
मन ९०% स्वस्थ गरी देह स्वस्थ गर्नुपर्छ ।
देह १०% मात्र छ मति राम्रो भए गति राम्रो हुन्छ ॥६॥
तथागत बुद्धको गुणस्मरण गरी मनलाई आनन्द हुन्छ ।
हामी मानवमात्र स्वस्थ भई मनलाई खुशी हुन्छ ॥७॥
मानव जाति मृत्यु हुँदा पाप र धर्म मात्र साथमा हुन्छ ।
पाप गरे नराम्रो भई खराव र धर्म गरे साथ राम्रो हुन्छ ॥८॥

## गुणानुस्मरण गर्दछौँ ... ...

किनभने त्यो अवस्थामा खाना र बासको राम्रो व्यवस्था थिएन । तैपनि जसो तसो दुख सुख सही धर्मप्रचार कार्यमा जुट्नुभयो । यसरी उहाँ ३५ वर्ष सम्म लगातार नेपालमा रहनुभयो । फलस्वरुप उहाँको चोखो मैत्री पूर्ण शिक्षित बानी व्यवहारले नेपाली जनमानसको मन जित्न सफल हुनुभयो । आज सम्म पनि उपासकोपासिकारुले उहाँको मैत्रीपूर्ण बानीव्यवहारलाई र उहाँको आदर्शलाई विर्सन सकेका छैनन् ।

शान्त स्वभावकी धनी दो गुणवती गुरुमां समूहमा रहनुहुँदा बुद्ध शिक्षा "**सुखा संघस्स सामग्गी समग्गानं तपो सुखो**" अर्थात्- "**एक आपसमा मिलिजुली बस्न सक्नु नै स्वर्ग स्वरुपको सुख हो**" लाई उहाँले व्यवहारमा उतार्न सफल हुनुभयो । त्यसैले दो गुणवती गुरुमांलाई एकपटक भेटेको जो कोहीले पनि उहाँको मैत्रीपूर्ण व्यवहारलाई विर्सन सक्दैनथे ।

यसरी बुद्ध शिक्षालाई अभ्यास गर्नुहुँदै बुद्ध शिक्षा प्रचार गर्नुहुँदै दो गुणवती गुरुमां सन् २०१९ मार्च २८ का दिन अर्थात बि.सं. २०७५ साल चैत्र १४ गते बिहिबार ९५ वर्षको उमेरमा परलोक हुनुभयो ।

अनन्तगुणवान् उहाँ दुबै गुरुवरहरू श्रद्धेय भिक्षु अश्वघोष महास्थविर र श्रद्धेय दोगुणवती गुरुमां दुबैको सुगती एवं निर्वाण हेतुको कामना गरी उहाँहरूको पुण्यस्मृतिमा धर्मकीर्ति परिवार पुण्यानुमोदन गर्दछौँ ।

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

*२०८० माघ १६ गते, मंगलवार ।*

भिक्षुणी धम्म विजया गुरुमां (निर्वाण मूर्ति किम्डोल विहार एवं धम्म मोलि विहारका प्रमुख) बाट उहाँको जन्मदिनको उपलक्ष्यमा "**सब्ब दानं धम्मदानं जिनाति**" बुद्ध वचनलाई शिरोपर गर्नुभई धर्मकीर्ति मासिक पत्रिकाको लागि रु. ५०,०००/– (पचास हजार रुपियाँ) चन्दा सहयोग प्रदान गर्नुभएको छ । धर्मकीर्ति पत्रिका चन्दा दाता धम्मविजय गुरुमांको आयु आरोग्य एवं निरोगी कामना गरी साधुवाद व्यक्त गर्दछ ।

# भिंगु जीवन छ्यलेगु याय्



✍ **नातीकाजी महर्जन**
*पूच्व यल*

वय्धुन शास्ता थुगु जन्मय् मनू जुयाः
भाग्यमानी जुया जि त्रिरत्नया शरण वयाः
मनू जुयाः मानव गुण दय्क्यत बुद्धया शरण वया
अनित्य जीवनयात थ्वीकेत भावना याय्
मदुगु आत्मायात जि व जिगु मधाय्
दुःखय् ब्वलनाः दुःख जुल धकाः मधाय्
दुःख ज्वीगु ज्या परयात बीगु मयाय्
गरीब धकाः सीकं सुयातं हेला मयाय्
अधर्म तोताः धर्मया शरण वनेगु याय्
थःकतःया भेदभाव मदय्क्येगु कुतःयाय्
जन्मं थजात क्वजात ज्वीमखु धकाः थ्वीका काय्
सदां मिलेचले ज्वीत संघया शरणे वनेगु याय्
लोभ याय्गु ज्या सहि मखु धाय्
राग द्वेष व मोहया च्यो ज्वीगु मयाय्
थःथितिपिन्त बुद्ध ज्ञान कनेगु बानीयाय्
आर्यपिन्त सेवा यानाः कर्म भिंभिंगु याय्
थम्हं मसःमथूगु ज्ञान आर्यपिन्के न्यनेगु याय्
त्रिपिटकया ज्ञान ब्वनेगु बानी भ्मीसं याय्
जन्म जुयाथें छन्हु सिनावने मानिगु न्हिथं चिन्तन याय्

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

*क्र.सं. ९६१*

**अरुण सिद्धि तुलाधर**
वनेमा चुक, किलागः, यें ।
रु. २,०००/–



## धम्मवती गुरुमांको जीवनी पुस्तक ... ...

दिई अंग्रेजी भाषामा रुपान्तरण गरी चौथौं पटक प्रकाशन गरियो । यही **"Beloved Daughter"** लाई पढ्ने मौका पाउनुभएका एक थाई उपासिकाले पुस्तकमा श्रद्धेय धम्मवती गुरुमांको अदम्य शाहस र बुद्ध शासनप्रति उहाँको अथाह श्रद्धा देखि प्रभावित भई यस पुस्तक थाई भाषामा पनि रुपान्तरण गरी गुरुमांको आर्दशमय जीवनीबाट धेरै भन्दा धरै थाई जनताले पनि आदर्श लिन सकुन् भन्ने मनसायले उक्त पुस्तक श्रद्धेय भिक्षु Phramaha Phocana Suvaco बाट थाई भाषामा रुपान्तर गर्न लगाई प्रकाशन गरिएको थियो । थाई भाषामा रुपान्तरण गरिएको यस पुस्तकको नाम यसरी रहेको छ- Butri Phoo Pen Dang Duang Hathai: Chivapawat tuang Mae Dhammawati guruma.

यसरी श्रद्धेय धम्मवती गुरुमांको जीवनी ५ वटा भाषामा प्रकाशन भइसकेको खुशीको विषय रहेको छ । पुस्तक विमोचन गर्नु पूर्ब अनुवादक श्रद्धेय भन्ते Pharmaha Phocona Suvaco बाट यस पुस्तक विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । सो पश्चात् उक्त पुस्तक श्रद्धये धम्मवती गुरुमां, अनुवादक श्रद्धेय थाई भन्ते, प्रमुख अतिथी उपमेयर ज्यू, लगायत अन्य दुई व्यक्तिहरू समेत गरी जम्मा ५ जना व्यक्तिहरूले सामुहिक रुपमा विमोचन गरियो ।

आफ्नो मन्तव्य व्यक्त गर्नुहुने क्रममा प्रमुख अतिथी उपमेयर सुनीता डंगोल ज्यूले गुरुमांको जीवनीलाई पाँच भाषामा मात्र नभई अन्य भाषाहरूमा पनि रुपान्तर गर्न पाए संसारका बढि भन्दा बढि देशका जनमानसले पनि उहाँका महत्त्व र आदर्श सिक्ने मौका पाउने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा श्रद्धेय धम्मवती गुरुमांले आशिर्वचनको रुपमा आफ्नो मन्तव्य व्यक्त गर्नुभयो-

"बि.सं. २००६ सालमा (राणाकालिन शासनको युगमा) १४ वर्षको उमेरमा बुद्ध शिक्षा सिक्ने एउटै मात्र लक्ष्य बोकी भारतको आसाम हुँदै जंगलको बाटोबाट हिंडेर नै वर्मा पुगियो । त्यसबेला मोटर र प्लेनको सुविधा थिएन । नेपालमा बुद्ध शिक्षा सिक्ने मौका थिएन । हाल जति पनि बुद्ध शिक्षा सिक्ने मौका प्राप्त भइरहेका छन,

*( क्रमशः पेज २४ मा हेर्नुहोला )*



# प्रिय वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

थःत थःम्हं गुथाय् तक्क शुभ कर्मस तैमखु
अनुचितगुली धासा थःत सुनां कि तःगु दु
हानं सदर्थ तोताली प्रिय भोगे तई मन
याई आत्मानुयोगीया स्पृहाजा इमिसं थन ॥१॥

अप्रियपिं व थः योम्ह प्रियपिं नाप ज्वी मने
प्रियपिं मखन्की दुःख, खंसा अप्रियपिं अथे ॥२॥

अकें व प्रेम तोता छ्व प्रिय बियोग ज्वी धका
प्रिय अप्रिय तोतूसा बन्धन मुक्त ज्वी सदा ॥३॥

प्रियंजा शोक उत्पन्न याई भय अथेनतुं
प्रियं मुक्त जुया चोंसा शोक व भय दैमखु ॥४॥

शोक कारण खः प्रेम, प्रेम खः भय कारण
प्रेमं मुक्त सदा जूसा शोक व भय नाशन ॥५॥

रागं-उत्पन्न ज्वी शोक, रागं उत्पन्न ज्वी भय
रागं मुक्त सदा जूसा शोक व भय दै गन ! ॥६॥

शोकं उत्पत्ति ज्वी काम, भय उत्पत्ति ज्वी पुनः
काम मुक्त सदा जूसा शोक व भय दै गन ? ॥७॥

शोकया जन्म तृष्णां खः भयया जन्म खः अझ
तृष्णां मुक्त जुया चोंसा नं शोक दु नत सो भय ! ॥८॥

शीलवान् सत्यवान्, विद्धान, धर्मवान् कर्मबान्, प्रति
लोकं याई सदा प्रेम दुनैंनिसें सधां अति ॥९॥

सुयां निर्वाणया इच्छा सुयां स्पर्श दु चित्तया
मदु मन सुया कामे'उर्द्ध स्रोत' दु नां उया ॥१०॥

परदेश वनाचोंम्ह ताःकालं यदि ल्याँ वल
धासा याई पूजा मान बन्धुमित्रज्ञनं अन ॥११॥

अथेहे पुण्यवान्पिन्त परलोकतु ज्वी बले
याई पुण्य फलं स्वागत् ज्ञातिबन्धुं सरी अले ॥१२॥




*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु*
*पुण्य (कुशल कर्म) गर्दै जानु ।*

*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥*
*यही नै बुद्धको उपदेश हो ।*

**बिश्व मोटर ट्रेडर्स**

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।

मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्म शब्दको अर्थः एक अध्ययन



✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**लेख सार :**

धर्म शब्द सबैमा परिचित शब्द हो । यसलाई पालि भाषामा 'धम्म' भनिन्छ । दुई अक्षर मिली बने पनि यसको अर्थ विस्तृत छ । वर्तमान समयमामानिसहरूले धर्मलाई सम्प्रदाय, संस्कृति एवं नैतिकताको हिसाबले लिएका छन् । व्यक्ति, समाज र देशअनुसार नै धर्म शब्दको अर्थ बुझाईमा भिन्नता देखिन्छ । भगवान् बुद्धको शिक्षाको अध्ययन, अभ्यास तथा पालि भाषाको ज्ञानले धर्मको अर्थलाई पूर्ण रूपमा बुझ्न सकिन्छ । अभिधम्मत्थविभावनीटीका अनुसार **अत्तानं धारेन्ते चतूसु अपायेसु, वट्टदुक्खेसु च अपतमाने कत्वा धारेतीति धम्मो ।** अर्थात्– चार अपाय दूर्गति र संसारचक्रको दुःखहरूमा नखस्ने गरी धारण गर्छ भनी धर्म हो ।

सद्दनीति धातुमालामा चुरादिगण अन्तर्गत रकारान्त **धर धारणे**[1] ('धर' धातु धारण गर्ने) अर्थमा धर्म शब्दलाई व्याख्या गरिएको छ । त्रिपिटक, अट्ठकथाको आधारमा पालि उद्धरण प्रस्तुत गरी अर्थहरूलाई पुष्टि गरिराखेको छ । जसमा परियत्ति, प्रत्यय, गुण, निस्सत्त्व, स्वभाव, प्रज्ञा, पुण्य, प्रज्ञप्ति, आपत्ति, विकार, प्रत्ययुत्पन्न, सत्य, समाधि, प्रकृति, जान्नु पर्ने, न्याय, विषय र निर्वाणको अर्थमा १८वटा धर्म शब्दको अर्थहरूलाई दर्शाइएका छन् ।सद्दनीति धातुमालाको आधारमा धर्म शब्दको १८ वटा अर्थहरू त्रिपिटक र अट्ठकथामा खोजी गर्नु नै यो लेखको मुख्य उद्देश्य हो ।

**शब्दकुञ्जी : धर्म, अर्थ, व्याख्यान, विश्लेषण ।**

## १. परिचय :

धर्मलाई पालि भाषामा 'धम्म' भनिन्छ । धर्मको अर्थ अभिधम्मत्थविभावनीटीका अनुसार **अत्तानं धारेन्ते चतूसु अपायेसु, वट्टदुक्खेसु च अपतमाने कत्वा धारेतीति धम्मो ।**[2] अर्थात् चार अपाय दूर्गति (नरक, प्रेत, तिर्यक, असुर) र संसारचक्र (वट्ट दुःख)मा नखस्ने गरी आफूलाई धारण गर्छ भनी धर्म हो । वर्तमान समयमा मानिसहरूले धर्मलाई सम्प्रदाय, संस्कृति एवं नैतिकताको हिसाबले लिएका छन् । सम्प्रदायको रूपमा हिन्दु, बौद्ध, इस्लाम, इशाई धर्म आदि प्रकारले ग्रहण गरेका छन् । संस्कृतिको रूपमा जात्रा, पर्व एवं रितिरिवाज आदिको रूपमा बुझेका छन् । त्यस्तै नैतिकताको हिसाबले दीन दुःखीलाई दिनु, अशक्तलाई सहयोग गर्नु, ठूलालाई आदर सम्मान गर्नु आदि कार्य गर्नुलाई धर्म मानेका छन् । केही मानिसहरूमा भगवान् बुद्धको शिक्षाको अध्ययन, अभ्यास तथा पालि भाषाको ज्ञानको कमीले गर्दा धर्मको अर्थलाई पूर्ण रूपमा बुझेका छैनन् । यसरी व्यक्ति, समाज, देशअनुसार नै धर्म शब्दको अर्थ बुझाईमा भिन्नता पाइन्छ । र यसको लागि पालि साहित्यको अध्ययन एवं अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

सद्दनीति व्याकरणमा अहिलेसम्म कै विस्तृत पालि व्याकरण हो ।[3] बर्माको अरिमद्दन (आधुनिक पगान वा बगान)का भिक्षु अग्गवंसले १२ शताब्दीको मध्यतिर रचना गर्नु भएको थियो । यसमा धर्म शब्दलाई १८ वटा अर्थहरूमा त्रिपिटक तथा अट्ठकथाको उद्धरण प्रस्तुत गरी व्याख्यान गरिराखेका छन् ।

**परियत्तिपच्चयेसु गुणे निस्सत्तताय च ।**
**सभावे चेव पञ्ञायं पुञ्ञे पञ्ञत्तियम्पि च ॥**
**आपत्तियं विकारे च पच्चयुप्पन्नकेपि च ।**
**सच्चसमाधिपकति ञेय्येसु युत्तियम्पि च ।**
**विसये चेव निब्बाने धम्मसद्दो पवत्तति ॥**[4]

*( क्रमशः अर्को अङ्कमा )*

१ सद्दनीतिप्पकरणं (धातुमाला), पृ. ३३६, तिपिटक पालि रीडर एप्लिकेशन ।

२ अभिधम्मत्थविभावनीटीका, पृ. ७३, तिपिटक पालि रीडर एप्लिकेशन ।

३ Venerable U Silananda, PALI ROOTS IN SADDANĪTI, E-BOOK FORMAT, 2002, p. iv.



# पाकिस्तानया बौद्ध सम्पदा

✍ सुरेश किरण

दक्षिण एशियाली देय् पाकिस्तान थ्व लागाया छगू मुस्लिम राष्ट्र खः । तर थ्व दक्षिण एशियाया मुस्लिम देय् खःसां थन बुद्ध धर्मलिसे सम्बन्धित आपालं पुरातात्विक स्थल व ज्वलन्त नं लानाच्वंगु दु । खास यानाः दक्षिण एशियाया प्राचीन गान्धार सभ्यतालिसे सम्बन्धित थाय्त थौंकन्हय् पाकिस्थानया थीथी क्षेत्रय् लानाच्वंगु दु । गान्धार सभ्यता मुलतः बौद्ध सभ्यता खः । बुद्ध धर्मलिसे सम्बन्धित आपालं ऐतिहासिक घटनात थ्व क्षेत्रय् जुयावंगु इतिहास दु । मुस्लिम देय् जूसां पाकिस्तानं थ्व लागाया बांलाक संरक्षण यानातःगु दुसा आः थुकियात पर्यटन लागाया रुपय् विकास याना यंकेगु बृहत्त योजना नं दयेकाच्वंगु दु । थ्व थाय्यात पाकिस्तानय् स्वात भ्याली नं धाः । थ्व थाय् इण्डस खुसिया सिथय् लाः ।

बुद्ध धर्म अध्ययनया लागिं तसकं नांजाःगु तत्कालिन विश्वविद्यालयत खः नालन्दा, विक्रमशिल, तक्षशिला आदि । थुकी मध्ये तक्षशिला विश्वविद्यालय थौंकन्हय् पाकिस्तानय् लानाच्वंगु दु । पाकिस्तानय् थ्व थाय्यात थौंकन्हय् तकसिला धाइ । तक्षशिला विश्वविद्यालयया अवशेषत मुंकाः पाकिस्थानया पेशावर नगरय् थौंकन्हय् छगू म्यूजियम नं चायेका तःगु दु । तक्षशिला विश्वविद्यालय उगु इलय् एशियाया हे तसकं नांजाःगु शैक्षिक केन्द्र खः ।

थ्व विश्वविद्यालय भगवान् बुद्ध जन्म जुइ स्वयां न्ह्यः हे अस्तित्वय् दुगु खः लाकि धकाः नं अनुमान याः । छाय्धाःसां बुद्धयात वासः याःम्ह धकाः चर्चाय् वःम्ह जीवक नांयाम्ह वैद्य नं तक्षशिलाय् हे ब्वना वःम्ह खः धयातःगु दु । हिन्दू धर्मया नांजाःपिं पण्डितत पाणिनी, चाणक्य नं तक्षशिलाया हे विद्यार्थीत खः । कोशल देय्या बन्धुधरमल्लां नं तक्षशिलाय् ब्वंगु खः ।

मगध देय्या जुजु विम्बिसारया छम्ह पासा तक्षशिलाय् दुगु खः । उमि दथुइ अप्वः यानाः पौ च्वयाः खँल्हाबल्हा जुइगु खः । उमिगु पतिइ थःथःगु लागाया बुद्ध धर्म बारे नं चर्चा जुइगु जुयाच्वन ।



इतिहास स्वयेगु खःसा भगवान् बुद्ध महापरिनिर्वाण जूगु २५३ दँ लिपा थन धर्मदूतत छ्वयाः बुद्ध धर्मया प्रचार याःगु खनेदु । चन्द्रगुप्त मौर्यया शासनकालय् थ्व मौर्य साम्राज्य दुने लानाच्वंगु नगर खः । चन्द्रगुप्त मौर्यया छय् सम्राट अशोकं थन बुद्ध धर्म प्रचार याःगु खःसा वयां लिपा थ्व मुक्कं वस्ती हे बौद्ध जूवंगु खः । थ्व लागाय् छुं ई ग्रीकतय्सं कब्जा यानाःतगु जुयाः थन ग्रीक कलाया यक्व विकास जूगु खनेदु । अय् जुयाः थन निर्माण जुयाच्वंगु भगवान् बुद्ध व बुद्ध जीवनीलिसे सम्बन्धित मूर्ति, चैत्यत नं ग्रीक कलापाखें आपालं प्रभावित जुयाच्वंगु दु । थनया कलायात 'ग्रीको-बुद्धिजम्' नं धायेगु याः । खास यानाः भगवान् बुद्धया मूर्ति दयेकेगु चलन हे थ्व थासं शुरु जूगु खः । न्हापा न्हापा बुद्धया मूर्ति दयेकेगु चलन मदु । भगवान् बुद्ध दुस्कर चर्चाय् च्वंबलय् गंसि जुयाः म्ह छम्हं क्वँय्या क्वँय् जुयाच्वंगु गुगु मुर्ति दु, व थ्वहे थासं सिर्जना जूगु खः । उकिया मूल मूर्ति थ्वहे थासय् दनि ।

बुद्ध धर्मया छगू प्रमुख शाखा महायान थ्वहे थासं शुरु जूगु खः । उकिं महायानी बौद्धतय् तःधंगु तिर्थस्थल धइगु गान्धार हे जुइ । बुद्ध मदयेधुंकाः कुशानकालय् जुजु कनिष्क पाखें थ्वहे थासय् न्यायेकूगु स्वक्वःगु संगायनापाखें बौद्धत विभाजित जुयाः महायान धइगु न्हूगु शाखा उत्पत्ति जूगु खः । थनिं निव्दःदँ न्ह्यः थ्वहे थासं यैंय् महायान धर्म दुहां वःगु खनेदु । महायानीतय्सं नं अतिकं माने याइम्ह अवलोकितेश्वर करुणामययाा अवधारणा तकं पाकिस्तानया गान्धारं हे वःगु खः लाकि धकाः नं अनुमान जुयाच्वंगु दु । बरु छता खँ छु धाःसां गान्धारया अवलोकितेश्वरया मूर्तिई ग्वाय् नं दु । नेपालय् खने दुपिं अवलोकितेश्वरया मूर्तिइ धाःसा ग्वाय् मदु । गान्धार क्षेत्रय् लूगु स्वयम भगवान् बुद्धया गुलिखे मूर्तिइ तकं ग्वाय् दु । थ्व खास यानाः ग्रीक मूर्तिकलाया प्रभाव खः । ग्रीक मूर्तिकलाय् ग्वाय्या नापनापं तःधम्ह मनूया सँ नं कुलिकुलिचिंकेगु चलन दु । भगवान् बुद्धया मूर्ति वा चित्रय् छ्यनय् मुकुट थें तयाः उकिया द्यःने चिचीचाःगु चक्का चक्व थें तयेगु चलन नं ग्रीक कलाया हे दसु खः । मुकुट थें खनेदुगु धइगु सँ चिनातःगु खःसा चाःचाः खनेदुगु चाहिँ सँ कुलिकुलि चिनाच्वंगु खः । थुकिया सिर्जना नं पाकिस्तानया गान्धारय् जूगु खः ।

पाकिस्तानया गान्धार व नेपाःया यैं दथुइ नं थीथी कथंया बौद्ध स्वापू दुगु खनेदु । महायानी बुद्ध धर्मया नांजाःगु कृति षतपारमिता पाकिस्तानया गान्धारय् हे सिर्जना जूगु खः । थ्वहे षतपारमिता सफू यैंय् हयाः थन महायानी बुद्ध धर्म पलिस्था याःगु अनुमान यायेछिं । चीनया नांजाःम्ह यात्री हु वेन साङ नं गान्धार जुयाः हे यैंय् दुहां वःगु खः । हु वेन साङं थःगु यात्रा वृत्तान्तय् गान्धारय् हजारौं बुद्ध मूर्तित दु धकाः उल्लेख यानातःगु दु । उलि जक मखु, बुद्धया शासनकालय् हे जब कपिलवस्तुइ कौशल देशय् जुजु विरुधकं आक्रमण यात, कपिलवस्तुया शाक्य व रामग्रामया कोलियत नेपाःया यैंपाखे बिसिउँ वल । अबले बिसिउँ वःपिं गुलिखे कोलियत यैंया नापनापं गान्धारपाखे नं वंगु जुयाच्वन । गान्धारय् उमिसं बामियान, उडियान थेंज्याःगु नगर दयेकेत ग्वाहालि याःगु अनुमान यानातःगु दु । थ्वहे उडियान नगरय् महायान बुद्ध धर्मया महान गुरु पद्मसम्भवया जन्म जूगु खः । पद्मसम्भवयात तिब्बतय् बुद्ध धर्म पलिस्था याःम्ह महान रिम्पोचे (गुरु) माने यानातःगु दु । ८ औं शताब्दीपाखे पद्मसम्भव गान्धारं यैंय् वयाः झिंनिदँ तक च्वंगु कथन दु । पद्मसम्भव थनया फम्पिइ तपस्या च्वनाच्वंगु इलय् तिब्बतीतय्सं काः वःगु व उखें तुं तिब्बत वनाः अनया बोन धर्मावलम्बीतय्त बुद्ध धर्मय् रूपान्तरण यासें बुद्ध धर्म पलिस्था याःगु खः ।

बुद्ध धर्मय् नांजाःगु ग्रन्थ 'मिलिन्द प्रश्न' या सिर्जना नं गान्धारय् हे जूगु दु । अनयाम्ह जुजु मिलाण्डर व नागसेन भिक्षुया दथुइ जूगु शास्त्रसंगत खँल्हाबल्हायात मिलिन्द प्रश्न धकाः सफू दयेकातःगु खः । थ्व खँल्हाबल्हा गान्धारया शियालकोट धाःगु थासय् जूगु खः । बुद्ध धर्मया नांजाःगु ग्रन्थ त्रिपिटकयात पाली भासं संस्कृत भाषाय् अनुवाद यायेगु ज्या नं न्हापांखुसी गान्धारय् हे जूगु खः ।

गान्धारय् आः नं 'तख्त-ए-बही' नांगु बौद्धस्थलया अवशेष ल्यनाच्वंगु दु । यैंय् नं आपालं बही दु । गान्धारया 'तख्त-ए-बही' व स्वनिगःया थीथी बही दथुया स्वापू धाःसा पत्ता याये मफुनि । गान्धारया थ्व बहीयात सन् १९८० स राष्ट्र संघीय निकायं विश्व समपदाया धलखय् दुथ्याकूगु खः । गान्धार लागा गुगुं इलय् बुद्ध धर्मया तःधंगु नगर जुयाच्वंगु खःसां भारतय् मौर्य साम्राज्यया पतन लिपा गान्धार क्षेत्रया नं पतन शुरु जुल । विशेष यानाः ६ औं शदी लिपा थ्व थाय्या अस्तित्वय् हे संकट शुरु जुल । थीथी देय्यापिं थीथी कथंया साम्राज्यतय् आक्रमणं थ्व थाय् छगू इलय् विलुप्त हे जुल । लिपा भारतय् शासन याः वःपिं ब्रिटिशतय्सं थन नं पुरातात्विक उत्खनन् शुरु यानाः तनेधुंकूगु सभ्यताया अवशेष लुइकल । भारतय् सक्रिय

जुयाच्वंपिं आपालं पुरातत्वविद्तय्‌सं थ्व थाय्‌या महत्वयात मनन् यासें अन लूगु मूर्तित सुरक्षित यासें म्युजियम दयेकेगु ज्या यात । सन् १८७३ य् आर्कियोलोजिक सर्भे अफ इण्डियाया न्हापाम्ह डाइरेक्टर जनरल अलेक्जाण्डर कनिङघमं नं थ्व थाय्‌या भ्रमण यात । वयां लिपा थुकिया संरक्षण यायेगु ज्यां तिव्रता काल । लुमंकेबहः जू, अलेक्जाण्डर कनिङघमं नेपाःया लुम्बिनी मालेगु ज्याय् नं उतिकं हे तःधंक मेहनत यानादीगु खः ।

बौद्धतय् लागिं थुलि महत्वपूर्ण थाय् खयां नं गान्धार क्षेत्र धाःसा थौकन्हय् विश्वया बौद्ध समुदायपाखें यक्व बिस्कं लानाच्वंगु दु । विश्वया बौद्धमार्गीत नेपाः लगायत भारतया आपालं बौद्धस्थलय् चाःहिउ वनी तर गान्धार वनी मखु । उकिं थ्व थासय् नं बौद्ध तिर्थयात्रीत आकर्षित यायेगु लागिं पाकिस्तान सरकारं कुतः यानाच्वंगु दु । विश्वय् १ अर्ब बौद्धत दु । यदि उमित आकर्षित याये फत धाःसा पाकिस्तानया पर्यटन उद्योगयात तिबः जुइगु आशा जुयाच्वंगु दु । तर विडम्बनाया खँ छु धायेबलय् पाकिस्तानय् थुलिमछि बौद्ध सम्पदा दुसां अन बौद्धमार्गीत धाःसा तसकं कम जक दु । बौद्ध भिक्षुत ला झन् छम्ह हे मदु । छगू तथ्यांक कथं पाकिस्तानय् मुक्कं ६५ गू जक बौद्ध परिवार दु । ल्याः खायेगु खःसा द्वःछिम्ह हे बौद्धत मदु । अर्थात् पाकिस्तानय् बौद्ध जीवनी मदु । जीवित सम्पदा मदु । पाकिस्तानं अन विहारत दयेकाः बौद्ध भिक्षुत तयेगु व बुद्ध धर्मयात नं विस्तार यायेगु मौका बिल धाःसा विश्वया मेमेगु देय्‌या पर्यटकतय्‌सं अन वनेत सहज महसुस याइगु खनेदु । यदि गान्धारयात नेपाः व भारतया बौद्धस्थलतलिसे स्वानाः प्याकेज दयेके फत धाःसा थुकिं बौद्ध पर्यटन उद्योगयात छगू गन्तव्य निश्चित दु ।

*(वंगु सेप्टेम्बर २४ कुन्हु पाकिस्तानी राजदूतावासया ग्वसालय् जूगु 'गान्धाराअनविण्डिङ अ हिस्ट्री ट्रजरर ट्रोभ' विषयक गोष्ठीइ बिचाः तयादीपिं भिक्षु कोण्डन्य, डा. केशवमान शाक्य, डा. हृदयरत्न वज्राचार्य, डा. त्रिरत्न मानन्धर, डा. ओमचरण अमात्य, विक्रम पाण्डे, अच्युत गुरागाइँ व लक्ष्मण गौतमपिनि धापूया समेत लिधंसाय् ।)*

*साभार- 'शुक्रवारया तन्सापौ' वि.सं. २०८० मंसिर २२ गते, शुक्रवार*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*ने.सं. १०६८*
*कौलाथ्व दशमी*



*ने.सं. ११४२*
*शिलाथ्व चतुर्दशी*

# दिवंगत बाः न्हुछेरत्न विनोद शाक्य

**दिवंगत जुयादीम्ह जिमि बाः न्हुछेरत्न विनोद शाक्य, क्षेत्रपाटी व दिवंगत जुयादीपिं जिमि मेपिं सकल पितृजन थःथितिपिं त्रिरत्नया शरण वनेफुगु कुलय् जन्म ज्वीमा । जिमि बाः सहित सकलें पितृजनपिंसं मार्गफलया हेतु प्राप्त याय्‌गु ज्या याना यंकेफय्‌मा धकाः आशिका यासे वय्‌कःपिनिगु पुण्य स्मृतिस पुण्यानुमोदन याना ।**

## नोविद शाक्य व सकल परिवार

क्षेत्रपाटी, यें

# सतिपट्ठान शिविर एक स्मृतिमा



✍ शिशिल चित्रकार

कोट डाँडा धम्मागार विपश्यना केन्द्रमा २०८० फाल्गुण ८ देखि १७ गतेसम्म बसेको सत्तिपट्ठान शिविर बसाई निकै हर्षोल्लासमय भएकोलेयो स्मरण लेख लेख्न जाँगर चल्यो । छ जना पुरुष र ८ जना महिलाहरू मात्र सहभागी भएकोमा एक जना पुरुष र एकजना महिलाले शिविर समापन गर्न नसकेको पनि बुझियो ।

यो सत्तिपट्ठान शिविर भनौं वा विपश्यना शिविर भने पनि यसमा भगवान् बुद्धले कुरु क्षेत्रमा दिनुभएको महासत्तिपट्ठान सूत्रको आधारमा ध्यान अभ्यास गराइन्छ । यसमा उक्त सूत्रको विशेष व्याख्या सहित अभ्यास गराइन्छ । यस अर्थमा यो सूत्रमा सम्पूर्ण बुद्ध वचन समावेश भएको मान्न सकिन्छ । वस्तुतः यो सूत्रले परीयत्तिलाई समेटी प्रतिपत्ति र प्रतिवेघ तीनै अंगलाई अवलम्बन गर्न जोड दिएको पाउन सक्छौं । यो सूत्रमा आउने, पञ्चनीवरण, पञ्चस्कन्ध, आयतन, सप्त बोध्यंग, चारआर्य सत्य आदि इत्यादिलाई मनन गर्दै गर्ने यो सत्तिपट्ठान शिविरमा सहभागी हुन पाएको दिनलाई जीवनको अमूल्य क्षणको रूपमा लिएको छु ।

यस अर्थमा नै हुनसक्छ एउटै मात्र मार्गको रूपमा भगवान् बुद्धले महास्मृति प्रस्थान सूत्रमा आज्ञा गर्नुभएको छ– "एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया, सोकपरिदवानं समतिक्कमाय, दुक्खदोमनस्सानं अत्थङ्गमाय ञायस्स अधिगमाय निब्बानस्स सच्छिकिरियाय, यदिदं चत्तारो सत्तिपट्ठान ।"

"भिक्षुहरू ! यी चार स्मृतिप्रस्थान नामक आचरण मार्ग सत्वहरूको चित्तमल निर्मूल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दुःख र मानसिक पीडालाई शान्त गर्न, आर्य मार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न एउटै मात्र मार्ग हो ।

यसलाई अझ भन्नपर्दा लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई कायमा कायानुपश्यी भएर विचार गर्दछ । लोकमा राग द्वेष हटाई श्रमशील, समृतिवान र सम्प्रज्ञानी भई वेदनाहरूमा वेदनानुपश्यी भएर विचार गर्दछ । यसैगरी लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई चित्तमा चित्तातुपश्यी भएर विचार गर्दछ । फेरि लोकमा राग द्वेष हटाई श्रमशील, स्मृतिवान र सम्प्रज्ञानी भई धर्महरूमा धर्मानुपश्यी भएर विचार गर्दछ । यसरी यी चार तरीकाबाट उदय व्ययको यथार्थ अनुभूति सहित हरदम उद्योगी भइरहनु (तप), सम्प्रजन्य र स्मृतिपूर्वक हेरी रही राग द्वेष हटाउने अभ्यास नै विपश्यना - चार स्मृतिस्थान ध्यान अभ्यास हो । सबै परीवर्तनशील छ, सुख त परीवर्तन छ भने दुःख पनि परीवर्तन हुन्छ नै, यस अर्थमा कुनै प्रति राग, द्वेष विना अपेक्षाभाव विकास गर्नुनै व्यक्तिहरूको चारीत्रिक विकासको बाटो हुन् । अझ अर्को शब्दमा भन्नु पर्दा हरेक क्षण यही चार स्मृतिमा हरदम स्मृति पूर्वक सम्प्रज्ञानी भई तप गरीरहनु (आतापि सम्पजान सतीमा) हुन अझ यसरी गर्ने अभ्यास केवल ध्यान शिविर मात्र होइन, व्यक्तिको जीवनको प्रत्येक क्षणमा हुनुपर्ने भन्नाले व्यक्तिहरूको के कस्तो अभ्यास धैर्यको खाँचो हुन आवश्यक छ, कयौं गुणात्मक लगनशीलता, मेहनत (वीर्य) को आवश्यकता हुन्छ त्यो पनि सामान्य सोचाईको भन्दा निकै परको कुरा हुन आउँछ ।

यी चार स्मृति प्रस्थानको आ-आफ्नै विषय वस्तुमा ध्यान भावना गरे पनि सबैको निश्कर्षको रूपमा फेरि स्मरण गर्न उपयुक्त हुन्छ ।

आफ्नो र अरूको पनि आउने जाने रूप समुहमा उत्पत्ति हेतु धर्म उत्पन्न हुने स्वभावलाई वारम्वार विहार गरी बस्दछ । भित्र आउने बाहिर आउने रूप समूहको विनाश हुने र विनाशी स्वभाव धर्मलाई विहार गरी रहन्छ । उत्पन्न हुने र विनाश हुने धर्म तथा स्वभावलाई बारम्वार विहार गरीरहन्छ । त्यसैगरी सास आउने जाने प्रक्रिया रूप समुहमात्र हुन् कुनै व्यक्ति होइन भनी भाविता गरीरहन्छ । ... ... उत्पत्ति बिनाशबाट बच्न नसक्ने लोक संस्कारमा

उत्पन्न हुने उपादानस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान) कुनैलाई आफ्नो नमानी ... तृष्णा र मिथ्याज्ञानमा आकर्शित नहुने हुन्छ । यहाँ कायानुपश्यनाको मात्र उल्लेख गरेको हुन्छ । यसैगरी अन्य विभाजन तथा तत् अङ्गहरूको आ-आफ्नो विशिष्ठता अनुरूप अभ्यासबाट निश्कर्षको रूपमा फेरि निष्कर्श यस्तै नै हुन् । (विस्तृत जानकारीको लागि हेर्नुहोला महासत्तिपट्ठान सूत्र) तर स्मरणीय छ पाठ सूत्र अध्ययन मात्र होइन त्यसको ज्ञान बमोजिम अभ्यास गर्नु हो ।

यो शिविरमा विहानको सत्रमा (जलपान भन्दा अधि) विपश्यनाचार्य दिवंगत सत्यनारायण गोयन्काज्यू द्वारा वाचित महासत्तिपट्ठान सूत्र रेकर्ड सुनाइन्छ । ध्यानका अन्य समय तालिकामा कुनै रेकर्ड बजाइदैन, केही सुरूआति श्लोक र अन्त्यमा समापन श्लोक मात्र बजाइन्छ । यस अर्थमा यो शिविर अझ गहन नै भएको अनुभूति हुन्छ । अझ लामो शिविरहरूमा के कस्तौ होला, अनुमान गर्न पनि कठिन नै लाग्छ । यो शिविरको अर्को विशेषताको रूपमा साँझको प्रवचन महासत्तिपट्ठान सूत्रको व्याख्यात्मक रेकर्ड देखाउनु हो । यसमा सबै सहभागी साधक साधिकाहरूले पनि पुस्तक पाएको हुन्छ । साथै हलमा ध्यान गर्ने समय बाहेक अन्य ... ...समयमा यो पुस्तक अध्ययन गर्न पनि पाउने भएबाट परीयत्ति, प्रतिपत्ति, प्रतिवेघ तीनै अङ्गको कयौं गुणात्मक रूपमा अभिवृद्धि गर्ने मौका पनि पाउन सकिने अवसर देखिन्छ ।

आधुनिक कालमा कयौं व्यवस्थापनका सिद्धान्तहरू प्रतिपादन भए । कलकारखाना देखि विभिन्न संघ, संस्था चलाउन (कच्चा पदार्थ, प्रक्रिया, उत्पादन) आदि जे जस्तो कारखानाको वा संस्थाको सिद्धान्तहरू बने पनि शील, समाधि, प्रज्ञा समाहित यो सत्तिपट्ठान जस्तो उच्चस्तरीय सिद्धान्त अरू हुन सक्दैन । अझ जेजस्तो सिद्धान्त भए पनि त्यसको मूल आधार यो शील, समाधि, प्रज्ञा रूपी व्यक्तिगत व्यवस्थापकिय सिद्धान्तको व्यवहारीक प्रयोग विना अन्य सिद्धान्तहरू अपुरो नै रहने देखिन्छ । यसमा चार स्मृति प्रस्थान अन्तर्गत, काय, वेदना, चित्त र धर्मलाई आधार मानी तथात्यसका पनि विभिन्न विभाजन, अङ्गहरूको पनि उदय-व्यय परीवर्तनशील प्रति राग, द्वेषजन्य नहुने अभ्यास गरिन्छ । जसरी अभ्यासको परीपक्वता बढ्दै जाने हो त्यसै अनुरूप प्रतिफल पाउने हुन् ।

करीव १० वर्ष अघि धर्मश्रृङ्ग विपश्यना केन्द्रमा जाने क्रममा नगर कार्यालयमा रजिष्ट्रेशनको शिलशिलामा एकजना साधकले मेरो फाराम हेर्दै अब एकचोटी सत्तिपट्ठान बस्नुस् भन्ने सुझाव दिनुभएको थियो । त्यो बेलामा मेरा अहं वा लज्जालु स्वभाव वा जिद्धिपन के थियो, मैले सामान्य शिष्टाचार पनि निभाउन नसकेको ग्लानी महसुस हुन्छ । हालसालै यो शिविर बसेको वखत त्यो घटना पनि अनायास सम्झनामा आयो । वहाँ साधक प्रतिक्षामा माग्दै कृतज्ञता समेत जाहेर गर्न चाहन्छु । यस अर्थमा अहिले आफू यो शिविरमा सहभागी भएको, त्यसको उच्चतम लाभ हुनेछ भनी आशा सहित वहाँ साधको कार्यमा केही थप्दै यसै लेखबाट सबै धर्म उपासक-उपासिकाहरूले क्रमशः विपश्यना गर्दै सत्तिपट्ठान भावनाको अभ्यासको महान अवसर लिनुस् (जसजसले लिनु भएको छैन) भनी मंगलमय कामना समेत गर्दछु; आखिरमा व्यक्तिहरूको चित्तमल निर्मूल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दुःख र मानसिक पीडालाई शान्त गर्न, आर्य मार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न यही नै एउटै मात्र मार्ग हो ।

अन्त्यमा कोट डाँडा धम्मागार केन्द्र सञ्चालक, व्यवस्थापक, सञ्चालक गुरुहरू, सहयोगी, स्वंयसेवकहरू, दाताहरू, सहभागी सबैमा कृतज्ञता समेत जाहेर गर्दछु ।

सबैको मंगलमय होस् ।



## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०८० फागुण | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते संक्रान्ति, मंगलवार | इन्दावती | इन्दावती |
| २ | ५ गते अष्टमी, शनिवार | वीर्यवती | वीर्यवती |
| ३ | १२ गते सिपुन्हि, शनिवार | पञ्ञावती | धम्मवती |
| ४ | २० गते अष्टमी, आइतवार | त्यागवती | त्यागवती |
| ५ | २७ गते औंशी, आइतवार | खेमावती | खेमावती |

# शाक्यधिता नेपालको वार्षिक प्रगति प्रतिवेदन

*प्रस्तुती- मीना तुलाधर, सचिव*

२०८० पौष ७ गते सञ्चालित शाक्यधिता नेपालको बाऱ्हौं साधारण सभामा शाक्यधिता नेपालका सचिव मीना तुलाधरले यस संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। यसको विवरण यहाँ प्रस्तुत गरिएको छ।

(१) बि.सं. २०७९/८० सालमा दशौं कार्यकारिणी बैठक र यसदिन (२०८० पौष ७ गते) शनिवार वार्षिक साधारण सभा सुसम्पन्न भयो। २०७९ साल वैशाख महिना देखि प्रत्येक महिनाको १५ गते कार्यकारिणी बैठक सञ्चालन भइराखेको छ।

(२) २०७९ साल श्रावण १९ गते सत्तिपट्ठान कक्षामा भाग लिनुभएका विद्यार्थीहरूलाई चित्तानुपस्सना देशना सम्पन्न भइसकेपछि चाङ्गाथली बुद्ध विहारमा एक दिवसिय ध्यान शिविर सम्पन्न भयो। श्रद्धेय पञ्ञासार भन्तेको निर्देशनमा सञ्चालित उक्त ध्यान शिविरमा ८५ जना विद्यार्थीहरूले भाग लिनु भएका थिए।

स्मरणिय छ पञ्ञासार भन्तेको निर्देशनमा सतिपट्ठानका विद्यार्थीहरूलाई कायानुपस्सना र वेदनानुपस्सना विषयमा पनि एक दिवसिय ध्यान शिविर सञ्चालन गरियो। हालसम्म श्रद्धेय पञ्ञासार भन्तेबाट जम्मा १०८ पटक महासतिपट्ठान कक्षा सञ्चालन भइसकेको छ।

(३) श्रद्धेय पञ्ञासार भन्तेले २०७५ आश्विन ७ गते देखि देशना गर्नुभएको १०० कक्षा पूरा भइसकेपछि २०८० श्रावण १८ गते पञ्ञासार भन्तेलाई १०० औं दिनको कक्षामा श्रर्द्धापूर्वक धर्मपूजा सुसम्पन्न भयो।

(४) शाक्यधिता नेपाल र उदाय समाज मिसापुचःको संयुक्त आयोजनामा २०७९ भाद्र १९ गते आइतवार २० जना विद्यार्थीहरू सहभागी रहेको एक कार्यक्रममा दिउँसो (१ बजे – ४:३० सम्म) धर्मकीर्ति विहारमा बैठक सुसञ्चालन विधि तालिम सुसम्पन्न भयो। उक्त कार्यक्रमका प्रशिक्षकहरू पूर्व सचिव कीर्ति तुलाधर र उपाध्यक्ष प्रफुल्ल कमल ताम्राकार हुनुहुन्छ। कार्यक्रम सृजना वज्राचार्यको संयोजकत्वमा सञ्चालन भएको थियो।

(५) वि.सं. २०७९ पौष ९ गते प्राइम बैंको खातामा रहेको ३५ हजार रुपैयाँ झिकियो। उपासिका उर्मिला तुलाधरले शाक्यधिता नेपालको लागि सहयोगार्थ प्रदान गर्नुभएको रु. दुईलाख रुपियाँ र बैंकबाट झिकिएको रु. ३५ हजार जम्मा गरी कूल रुपैयाँ २ लाख ३५ हजार शुभगणपति सहकारीमा मुद्दती जम्मा गरियो र यस कोषको नाम सम्मान कोष राखियो।

(६) २०७९ फाल्गुण १७ गते देखि ३० गतेसम्म श्रद्धेय पञ्ञासार भन्ते, इन्दावती गुरुमां र मेत्तावती गुरुमांको नेतृत्वमा अजन्ता, एलोरा, भैरहवा, कुशीनगर, सारनाथ, साँची, नागपुर, श्रावस्ती, लुम्बिनी आदि पवित्र स्थानहरूमा तीर्थयात्रा सुसम्पन्न गरियो। भन्ते गुरुमां ६ जना र तीर्थयात्रीहरू ३५ जना समेत गरी उक्त यात्रामा ४१ जना तीर्थयात्रीहरू सहभागी हुनुभएका थिए।

(७) २०८० वैशाख १ गते धम्मवती गुरुमांलाई विशेष धम्मपूजा गरिएको थियो। उक्त कार्यक्रममा शाक्यधिता नेपालले रु. २०००/– श्रद्धादान गरी अभिनन्दन पत्र चढाइएको थियो र यस कार्यक्रमको लागि मीना तुलाधर, रमा कंसाकार, उर्मीला तुलाधर, नानीकेशरी बज्राचार्य, अनीता मानन्धर, विश्वकमल तुलाधर आदिले स्वंयम्सेवीका भई सेवा गरेका थियौं। शाक्यधिता नेपालको सदस्यहरूको तर्फबाट सश्रद्धा रु. १२,०००/– रकम श्रद्धेय धम्मवती गुरुमांलाई दान गरिएको थियो।

(८) वि.सं. २०७३ साल देखि टेकुमा सञ्चालन गर्दै आइरहेको परियत्ति कक्षा यसवर्ष २०८० साल देखि अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्र खोली कक्षा सञ्चालन भइरहेको छ। यस कार्यक्रम नानीकेशरी बज्राचार्यको संयोजकत्वमा महेन्द्र सरस्वती स्कूल टेकुमा सञ्चालन भइरहेको छ।

(९) २१ औं शताब्दीमा थेरवाद बुद्ध शासनमा श्रद्धेय भिक्षुणीहरूको योगदान विषयमा जुम मार्फत अन्तरक्रिया कार्यक्रम सञ्चालन भइरहेको थियो। यस सिलसिलामा हालसम्म १० जना श्रद्धेय गुरुमांहरूको तर्फबाट बुद्धशासनमा योगदान विषयमा अन्तरक्रिया कार्य सम्पन्न भइसकेको छ। उहाँ गुरुमांहरूको नामावली यसरी रहेका छन् –

१) ञाणवती, भास्सरा सेकेण्डरी स्कूल
२) अग्गञाणी, अन्तर्राष्ट्रिय भावना केन्द्र

३) चमेली, धर्मकीर्ति, विहार
४) अनुपमा, जयमङ्गल विहार, यल
५) मुदिता, प्रणिधिपूर्ण विहार, वलम्बु
६) अनोजा, सुलक्षणकीर्ति विहार, चोभार
७) चन्द्रशीला गुरुमां, करुणा बुद्ध विहार
८) जवनवती गुरुमां, धर्मकीर्ति विहार
९) विमलत्राणी गुरुमां, अन्तर्राष्ट्रिय भावना केन्द्र
१०) केशावती गुरुमां, धर्मकीर्ति विहार

यस कार्यक्रम २०७८ असार १० गते देखि सञ्चालन हुँदै आइरहेको थियो । यसवर्ष २०७९/८० मा तीनजना गुरुमांहरू (जवनवती, विमलत्राणी र केशावती) को तर्फबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रमको संयोजिका उर्मीला तुलाधर हुनुहुन्छ ।

१०) अठारौं अन्तर्राष्ट्रिय सम्मेलन – बि.सं. २०८० आषाढ ८ गते देखि १२ गतेसम्म दक्षिण कोरियाको सिउल स्थित Coex Building मा सञ्चलित अठारौं शाक्यधिता सम्मेलनमा नेपालबाट लगभग २५/२६ जना सदस्यहरू सहभागी हुनुभएका थिए ।

यस कार्यक्रममा शाक्यधिता नेपालको उर्मीला र उर्सुला मानन्धरबाट Female Ordination in Vajrayana Mahavihar शिर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएका थिए भने जुनुकमल तुलाधर, दीना कंसाकार बानिया, अमिता बानिया र उष्णिशतारा तुलाधर आदिको समूहले “Learning Abhidhamma An Entegenerational impact on Knowledge Resilience in time of pandemic” विषयमा गोष्ठी सञ्चालन गरिएको थियो । यसको साथै सम्मेलनमा शाक्यधिता नेपालको तर्फबाट “मेरी आमा” विषयमा गीत प्रस्तुत गरियो ।

११) किम्डोल स्थित शाक्यधिता भवन निर्माण गर्न भिक्षुणी कर्मलेक्ष्यको तर्फबाट १८ औं अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलनमा नेपाली १ लाख २२ हजार श्रद्धापूर्वक दान गर्नुभएको थियो । उहाँलाई शाक्यधिता नेपाल परिवारबाट साधुवाद व्यक्त गरियो । साथै शाक्यधिता नेपाल टोलीबाट सम्मेलनमा उपस्थित गण्यमान्यहरूलाई मायाको चीनो प्रदान गरियो ।

किम्डोल स्थित शाक्यधिता भवन निर्माणार्थ महानगरपालिकाले धर्मकीर्ति विहारको नाममा लालपूर्जा रहेको कारणले शाक्यधिता नेपालको नाममा भवन निर्माण गर्न अनुदान दिन नमिल्ने बुझिन आएको छ । त्यसैले धर्मकीर्ति विहारको तर्फबाट यस विषयमा पहल गरी भवन निर्माण गर्ने निर्णय गरियो ।

१२) २०८०/८१ को लागि संस्था नविकरण गर्ने कार्यमा राजश्व कार्यालयमा र वडा कार्यालयमा गर्नुपर्ने आवश्यक कार्य सम्पन्न भएको । ■

## लुम्बिनीमा तेस्रो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ सम्पन्न

*२०८० फागुण (२०-२२)*
*स्थान- लुम्बिनी मायादेवी मन्दिर*



*समापन समारोहमा मन्तव्य व्यक्त गर्नुहुँदै मन्त्री अशोक राई*

भगवान् बुद्धले ४५ वर्षसम्म जनमानसमा प्रचार गर्नुभएको ज्ञानलाई अभिधम्म पिटक, सुत्त पिटक र विनय पिटक गरी जम्मा तीन भागमा विभाजन गरी त्रिपिटक नाम दिइयो । यही त्रिपिटकलाई बुद्ध जन्म भूमी लुम्बिनीमा यसपाली तेस्रो पटकको अन्तर्राष्ट्रिय त्रिपिटक पाठको रूपमा ३ दिनसम्म कार्यक्रम सञ्चालन भएको छ । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा भिक्षु भिक्षुणी संघबाट त्रिपिटक पाठ गर्नुभएको थियो । अखिल नेपाल भिक्षु महासंघको आयोजनामा र लुम्बिनी विकास कोष, लुम्बिनी सँस्कृति नगरपालिका एवं अन्य संघ संस्थाहरूको सह आयोजनामा सञ्चालित यस कार्यक्रम मायादेवी मन्दिर परिसरमा सम्पन्न भएको थियो ।

कार्यक्रममा गृहमन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय त्रिपिटक वाचन कार्यक्रमले बुद्ध शिक्षालाई विश्वभर प्रचार गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने विषयमा चर्चा गर्नुभयो । यसरी नै लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बुद्ध शिक्षालाई विश्वले मान्यता दिएको कारणले यस शिक्षालाई विश्वभर प्रचार गर्नको लागि



*त्रिपिटक पाठ गर्नुहुँदै भिक्षु भिक्षुणी संघ*



*त्रिपिटक पाठ गर्नुहुँदै भिक्षुणी संघ*

त्रिपिटक वाचन कार्यक्रमको आयोजना गरिएको विषयमा जानकारी दिनुभयो ।

तीनदिनसम्म सञ्चालित यस कार्यक्रममा भारतका बौद्ध तीर्थस्थलहरू बुद्धगया, सारनाथ, कुशीनगर, राजगृह र श्रावस्ती आदि विभिन्न स्थानहरूबाट भिक्षु भिक्षुणी लगायत नेपालका विभिन्न जिल्लाहरूबाट, विहारहरूका भिक्षु भिक्षुणी र उपासक उपासिकाहरू सहभागी हुनुभएका थिए ।

यस कार्यक्रममा १८ देशका बौद्ध विद्वानहरू सहभागी हुनुभएको कुरा थाहा हुन आएको छ । त्रिपिटक पाठको प्रथम दिनमा सूत्र पिटक पाठ गरियो भने सूत्र पिटक विषयमा डा. भिक्षु संकिच्च महास्थविरद्वारा धर्मदेशना भएको थियो । यसरी नै कार्यक्रमको दोस्रो र तेस्रो दिन बाँकी दुई पिटकहरू विनय पिटक र अभिधर्म पिटक पाठ गरियो ।

कार्यक्रमको तेस्रो दिन शिक्षा मन्त्री अशोक राईको प्रमुख अतिथित्वमा कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रममा मन्त्री राईले त्रिपिटक पाठ कार्यक्रमले विश्वभर सकारात्मक प्रभाव पार्ने विश्वास लिनुहुँदै भगवान् बुद्ध विश्वका प्रकाश रहनुभएको विषयमा चर्चा गर्नुभयो । यसदिन भिक्षु धर्मगुप्तले अभिधर्म पिटक विषयमा धर्मदेशना गर्नुभएको थियो । कार्यक्रम समापनको दिन मायादेवी परिसरमा दिपावली गरी कार्यक्रम समापन गरिएको थियो ।

कार्यक्रममा आवश्यक सहयोग गर्नुहुने कार्यकर्ताहरूलाई अ.ने.भि.सं.का अध्यक्ष धम्मशोभन महास्थविरले मायाको चीनो प्रदान गर्नुभएको थियो ।

# लुम्बिनी थेरवाद विहार संघावास भवन उद्घाटन




*कार्यक्रम उद्घाटन गर्नुहुँदै संघनायक भिक्षु बोधिसेन महास्थविर*



*मन्तव्य व्यक्त गर्नुहुँदै लु.वि.को.का उपाध्यक्ष डा. ल्हारक्याल लामा*



*मन्तव्य व्यक्त गर्नुहुँदै अ.ने.भि.महासंघका अध्यक्ष भिक्षु धम्मशोभन महास्थविर*

*२०८० फागुन १९ गते*

यसदिन लुम्बिनीमा नवनिर्मित थेरवाद विहार संघावास भवन उद्घाटन भयो। कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका संघनायक बोधिसेन महास्थविरले दीप प्रज्वलन गरी कार्यक्रम उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी जस्तो पवित्र स्थलमा थेरवाद भिक्षु महासंघबाट संघावास निर्माण सम्पन्न भएकोमा खुशी व्यक्त गर्नुहुँदै अखिल नेपाल भिक्षु महासंघलाई बधाई दिनुभयो। यही क्रममा उहाँले यस विहार बुद्ध शिक्षा अध्ययन, अनुसन्धान एवं अभ्यास गर्ने केन्द्रको रूपमा उपयोग गर्न सकेमा यस पवित्र विहार



*नव उद्घाटित थेरवाद भिक्षु विहार संघावास भवन*



*कार्यक्रममा सहभागी महानुभावहरू*

निर्माण सुन माथि सुगन्ध हुने मनसाय व्यक्त गर्नुभयो ।

थेरवाद, महायान र वज्रयान एकजुट हुँदै बुद्ध शिक्षा प्रचार कार्यमा जुट्नुपर्ने विचार व्यक्त गर्नुहुँदै यस कार्यको लागि राज्यतर्फबाट सहयोगको आशा नराखी यी तिनवटैयान एक आपसमा मिलि एकतावद्ध भई यस कार्यमा जुटौं भनी आह्वान गर्नुभयो ।

कार्यक्रममा भिक्षु महासंघका संघनायक बोधिसेन महास्थविरले ओवाद मन्तव्य व्यक्त गर्नुभएको थियो भने भिक्षु महासंघका अध्यक्षले धन्यवाद मन्तव्यका साथ कार्यक्रम समापन गर्नुभएको थियो । ■

## सम्यक् महादान पर्व



*सम्यकदान पर्वया ज्याभ्वले यल नागवहालय् दिपंकर बुद्धया मूर्ति २०८० फागुन ३० गते, बुधवार व चैत्र १ गते बिहिवार थाय्- यल*

यल स्थित हिरण्यवर्ण महाविहारया ग्वसालय् यल इतिल्हनय् सम्यक महादान पर्व क्वचाःगु बुखँ दु । प्राप्त बुखं कथं हिरण्यवर्ण महाविहारया सुवर्ण देगः दयकूम्ह जुजु भाष्करदेव मल्लया सन्तति भलिभारों त्रिरत्नया सुवाः प्राप्त जुयाः धन चूलाःगु हुनिं भगवान् बुद्धप्रति कृतज्ञ जुया दकलय् न्हापां सम्यक महादान पर्व यायगु ग्वसाः ग्वःगु धकाः उल्लेख जुयाच्वंगु सीदु ।

प्राप्त बुखँ कथं थुगुसी सम्यक महादान पर्वया लागि यल महानगरपालिका पाखें अक्षयकोष नीस्वनाः पुण्य सञ्चय याःगु हुनिं थुगु ज्याभ्वले यल महानगरपालिका यात हनेगु ज्याभ्वः नं दुथ्याःगु दु ।

बुद्धवार फागुन ३० गते यलया भिंच्यागू मूबहाःवही, वादे (चापागाउँ), बुंग, किपू, यैं, यल, ख्वप, वहाःवहिलं दिपंकर बुद्ध, आर्यतारा व मेमेपिं सम्यक द्यःपिं वहनीसिया ७ ताः इलंनिसें यलया लाय्कुली मुंकाः बहनीसिया ९ ताःइले जेष्ठवर्ण महाविहार तंग, वहालं श्री बसुन्धरा देवी यल, लाय्कुली बिज्याकाः दिपंकर बुद्ध सहित सकल द्यःपिं लाय्कुलिं सम्यक महादान स्थल नागबहालय् बिज्याकूगु जुल ।

सम्यक महादान न्हि चैत्र १ गते, बिहिवार सुथसिया ४ बजे निसें न्हिनसिया १ बजे तक श्रद्धालु भक्तजनपिं पाखें दिपंकर बुद्ध प्रमुख मेमेपिं द्यःपिनि दर्शन याय्गु ज्या भ्वः क्वचाय्काः न्हिनसिया २ ताःई निसें ४ ताःईतक भूमीशोधन पूजा व दानप्रदान ज्या जुलसा सनिलया ५ ताःलय् दिपंकर बुद्ध प्रमुख अन्य सकल देवदेवीपिन्त थथःगु विहार लिहाँ बिज्याकूगु जुल ।

न्येनेदु थुगु परम्परा ७७३ दँ न्ह्यो निसें न्ह्यानाच्वंगु खः ।

## बुद्ध जन्मभूमी लुम्बिनीमा वृहत श्रामणेर प्रव्रज्या समारोह



धर्मयात्रामा सहभागी हुनुभएका प्रव्रजित श्रामणेरहरू अल्पकालिन प्रव्रजित श्रामणेर समूह

*२०८० फागुन २६-चैत्र ८ ।* बुद्ध जन्मभूमी लुम्बिनी नेपालमा अखिल नेपाल भिक्षु महासंघ र थाई धम्मदूत इण्डिया नेपालको संयुक्त आयोजनामा फागुन २६ गते १२५० जना कुलपुत्रहरूलाई अल्पकालिन श्रामणेर प्रव्रज्या गरियो । प्राप्त समाचार अनुसार चैत्र ३ र ४ गते उहाँ प्रव्रजित श्रामणेरहरूलाई लुम्बिनीबाट भैरहवा र नवलपरासीको रामग्राममा धर्मयात्रा गराई चैत्र ८ गते कार्यक्रम समापन गरिएको थियो । कार्यक्रम अवधिमा अल्पकालिन प्रव्रजित श्रामणेरहरूलाई समय समयमा ओवाद उपदेश लगायतका बुद्ध शिक्षा सम्बन्धी प्रशिक्षण दिइएको थियो ।

भगवान् बुद्धले भन्नुभए अनुसार यस संसारमा ५ वटा दुर्लभ कार्यहरू मध्ये प्रव्रज्या भाव पनि एक दुर्लभ कार्य मानिन्छ । यसरी दुर्लभ एवं अमूल्य कार्यमा सहभागी भई आफ्नो जीवनको अमूल्य समयमा अमूल्य जीवन बिताउन पाउने सम्पूर्ण अल्पकालिन प्रव्रजित श्रामणेर हरूलाई जनमानसले साधुवाद व्यक्त गरिएको थियो । ■

## धर्मकीर्ति विहारमा झोल साबुन बनाउने तालिम



*झोल साबुन बनाउने तालिम दिनुहुँदै रमा कंसाकार*

*२०८० चैत्र १ गते, बिहिवार ।*
*स्थान- धर्मकीर्ति विहार ।*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषका सदस्य रमा कंसाकारबाट धर्मकीर्ति विहारमा उपासको पासिकाहरूलाई झोल साबुन बनाउने तालिम दिइएको थियो । करिब १५ जना प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिई भगवान् बुद्धले मंगल सूत्रमा "सिप्पञ्च एतं मंगल मुत्तमं" अर्थात्– शिल्प विद्या सिक्नु पनि मंगल हो भनी दिनुभएको ज्ञानलाई प्रयोगमा ल्याउन सकुन् भन्ने अभिप्रायले यस कार्यक्रम सञ्चालन गरिएको कुरा बुझिएको छ । ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म:*
१९८९ मंसिर २ गते

*दिवंगत:*
बि.सं. २०७९ चैत्र २२ गते, बुधवार

### दिवंगत मां जगत लक्ष्मी ताम्राकार, ठँहिटी

अनन्त गुणं जाःम्ह जिमि **मां जगत लक्ष्मी ताम्राकार** दिवंगत जुयादीगु बि.सं. २०८० चैत्र ११ गते आइतबारया दिनस दच्छि दत । वय्कः जिमि मांया परलोक जीवन सुगतिमय जुयाः निर्वाणया हेतु चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।
दुःखं जाःगु थुगु इलय् बिचाः हाय्काः भलसा बियादीपिं सकल थःथितिपिं व इष्टमित्र पासभाईपिन्त नं साधुवाद दय्छानाच्वना ।

## ऐश्वर्य ताम्राकार व सकल परिवार

**ठँहिटी, यैं ।**

# धम्ममोलि विहारय् न्हिच्छियंकं महापरित्राण पाठ



छ्यनय् बुद्ध प्रतिमा तयाः मण्डपय् दुने बिज्याकाच्वंगु लू

*२०८० फागुन ४ गते, आइतवार*
*थाय्- धम्ममोलि विहार, सामाखुशी*

थुगु दिं धम्ममोलि विहारया प्रमुख धम्म विजया गुरुमांया आयोजनाय् उगु विहारय् भिक्षु महासंघ पाखें न्हिच्छियंकं महापरित्राण पाठ जूगु खः । सकल सत्व प्राणीया मंगल कामनाया साथसाथे विश्व शान्तिया कामना यासे न्ह्याकूगु थुगु ज्याभ्वः न्ह्याके न्ह्यो धम्ममोलि विहारया प्रमुख धम्मविजया गुरुमां सहित विहारया उपासकोपासिकापिसं छ्यनय् भगवान् तयाः वसाः लायातःगु लँस पलाः तयाः भगवान् बुद्ध मूर्ति मण्डप दुने बिज्याकूगु खः ।

श्रद्धेय भिक्षु संघपाखें सामूहिक महापरित्राण पाठ यासे न्ह्याकूगु थुगु ज्याभ्वःले भिक्षु कौण्डञ्ञ महास्थविरं धर्मदेशना यानाबिज्याःगु खः ।

महापरित्राण ज्याभ्वःले धम्मविजया गुरुमांया गुरु श्रद्धेय धम्मवती गुरुमांनं ब्वति कयाः ज्याभ्वः झझःधाय्का बिज्याःगु खः ।

सहभागी सकल भन्ते गुरुमांपिं लगायत उपासकोपासिकापिन्त जलपान भोजनया व्यवस्था जूगु उगु ज्याभ्वःले भन्ते गुरुमांपिन्त दानप्रदान यासे पुण्य सञ्चय याय्गु ज्या जुल ।

ज्याभ्वःया अन्तिमय् पुण्यानुमोदन लिपा जल व सूत्रका इनेगुयासे ज्याभ्वः सम्पन्न याःगु जुल । ■

## धम्मवती गुरुमांको जीवनी पुस्तक … …

यसमा वर्मा, थाईलैण्ड र श्रीलंका आदी बौद्ध देशहरूको ठूलो र महत्त्वपूर्ण योगदान रहेको छ । यी बौद्ध देशहरूमा पुगी भिक्षु भिक्षुणी बनी नेपाली नागरिकहरूले पनि बुद्ध शिक्षा सिकेर नेपालमा बुद्ध शिक्षा सिकाउने र सिक्ने मौका पाएका छन् । फलस्वरूप नेपालका जनताले पनि बुद्ध शिक्षा सिक्ने मौका पाएका छन । खुशीको कुरा हो यो । यसरी नै बुद्ध शिक्षा प्रचार गर्दै धेरै भन्दा धेरै मानिसहरूले यस अमूल्य शिक्षा सिकी आ-आफ्नो जीवन सफल पार्न सकुन् भन्ने आशा लिई अहिले सम्म पनि आफ्नो शक्तिले भ्याएसम्म धर्मदेशना गरिराखेको छु”

कार्यक्रममा धम्मवती गुरुमांले आमन्त्रित अतिथीहरूलाई सम्झनाको चीनोको रुपमा उपहार प्रदान गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा धर्मकीर्ति विहार संरक्षण कोषका सदस्य मदन रत्न मानन्धरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गर्नुभएको थियो ।

यस कार्यक्रममा थाई भाषामा मन्तव्य व्यक्त गर्नुभएका थाईलैण्डका अतिथीवर्गको मन्तव्यलाई नेपालभाषाबाट र नेपालभाषाबाट बोल्नुभएको वक्ताहरूको मन्तव्यलाई श्रद्धेय खेमावती गुरुमांले थाईभाषामा रुपान्तर गरी कार्यक्रम संचालनमा सहजता प्रदान गर्नुभएको थियो । ■

# धम्मवती गुरुमांको जीवनी पुस्तक विमोचन कार्यक्रमको तस्विरहरू




पुस्तक सामूहिक रूपमा विमोचन हुँदै



मन्तव्य व्यक्त गरिएको भाषा अनुवाद गर्नुहुँदै
श्रद्धेय खेमावती गुरुमां



कार्यक्रम सञ्चालन गर्नुहुँदै अरुण सिद्धि तुलाधर



अल्पकालीन
प्रव्रजित श्रामणेरहरू
श्रद्धेय बोधिज्ञान भन्तेका
साथ पाटनमा
भिक्षाटन गर्नुहुँदै

# विश्वय् उत्कृष्ट बौद्ध मिसा



*उत्कृष्ट बौद्ध मिसा कथं सम्मान-पत्र कायत ताःलाना बिज्याःम्ह पुज्यपाद धम्मवती गुरुमां*

*२०८० फागुन २४ गते, मंगलवार*
*थाय्- ताइवान् ।*

अन्तर्राष्ट्रिय महिला ध्यानकेन्द्र फाउण्डेशनपाखें अन्तर्राष्ट्रिय महिलादिवसया लसताय् बुद्ध शासनया लागि बाँलाःगु ज्या यानाः विश्वयात सकारात्मक सन्देश व सद्धर्म प्रचार यानाच्वंपिं विश्वया ३१ म्ह मिसापिन्त सम्मान याय्गु ज्याभ्वले नेपाःपाखें पूज्यपाद धम्मवती गुरुमां व खमेशी गुरुमांयात सम्मान याःगु दु ।

थुकथं वसपोल गुरुमांपिन्त अन्तर्राष्ट्रिय महिला ध्यानकेन्द्र फाउण्डेशन पाखें विश्वया उत्कृष्ट बौद्ध मिसा कथं सम्मान याःगु गर्वया बुखँ प्राप्त जूगु दु । प्राप्त बुखँ कथं थाइलैण्डया भिक्षुणी रत्नावली व अमेरिकाया भिक्षुणी डा. लिलीया पहलं अन्तर्राष्ट्रिय महिला ध्यान केन्द्र फाउण्डेशनं सन् २००२ निसें बौद्ध धर्मया लागि उत्कृष्ट ज्या यानाच्वंपिं मिसापिन्त सम्मान याय्गु ज्या यानावयाच्वंगु खँ सीदु । थुगठु हे ज्याभ्वः कथं उगु फाउण्डेशनं ध्यानभावना, सामाजिक कार्य, धर्मप्रचार व शान्तिया लागि सक्रियतापूर्वक ज्या यानाच्वंपिं विश्वया दकसिबे उत्कृष्ट मिसाकथं ल्यज्या यानावयाच्वंगु खनेदु ।



*उत्कृष्ट बौद्ध मिसा सम्मान-पत्र कयाबिज्यासे खमेशी गुरुमां*

थुगुसी थाइलैण्ड, नेपाल, टाइवान व अमेरिका आदि देशया मिसापिनत सम्मान याःगु दु । बुद्ध धर्मय् लैंगिक समानताया प्रवर्द्धन याय्गु लक्षकथं थुगु फाउण्डेशन न्ह्यानाच्वंगु खनेदु । अथेजूगुलिं थुगु संस्था मिसापिनि लागि ध्यान, बुद्ध शिक्षा स्यनेगु आदि ज्याय् न्ह्याःवनाच्वंगु खनेदु ।

धम्मवती गुरुमां कार्यक्रम न्ह्याकूगु देशय् स्वास्थ्यया कारणं बिज्याय् मफुगुलिं वसपोलयात उगु सम्मान-पत्र लःल्हायत कार्यक्रमया कार्यकर्तात चैत्र ६ गते धर्मकीर्ति विहार नेपाले थ्यंकादीगु खःसा सम्मान-पत्र चैत्र १२ गते फागु पुन्हि कुन्हु धम्मवती गुरुमांयात लःल्हागु खः ।




*धम्मवती गुरुमांयात लःल्हाःगु उत्कृष्ट बौद्ध मिसा सम्मान-पत्र*

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com